# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २१ चैत २०७९

# मङ्गलवार

# बैठक सङ्ख्या- १५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

**(१३:०३ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समयमा निर्धारण गरेको छु ।

माननीय तुल प्रसाद विश्वकर्मा ।

**(१३:०३ बजे)** **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, आजको नागरिक दैनिकमा एउटा समाचार आएको छ । नेपाली सेना र अमेरिकी सेनाको संयुक्त तालिम अभ्यास गर्ने कुराको विषयमा त्यसमा उल्लेख छ । र नेपाली सेनाले छाउनी र नगरकोटमा तालिम गर्ने, अभ्यास गर्ने भनेर भनेको छ । तर अमेरिकी सेनाले मनाङ र मुस्ताङमा तालिम गर्नुपर्यो उच्च हिमाली क्षेत्रमा भनेर माग गरिरहेको कुरा त्यसमा आएको छ । यो नेपालको राष्ट्रियताको हिसाबले अत्यन्त खतरनाक कुरा छ । हामीलाई थाहा

छ । पञ्चायतकालमा खम्बा बिद्रोह भएको कुरा चाहिँ हामीलाई थाहा छ । र आज अमेरिकी सेनाले फेरि उच्च रणनीतिक महत्त्वको ठाउँमा चीनसँग सीमा जोडिएको ठाउँमा तालिमको माग गर्दै छ । यो हाम्रो देशको लागि अत्यन्त घातक हुन सक्छ । यस खालको कुरामा वर्तमान सरकारले गम्भीर ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय दुर्गा गुरुङ्ग ।

(१३:०४ बजे) **माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, द्वन्द्वको अन्त्य भई शान्ति प्रक्रिया सुरु भएको सोह्र वर्ष बितिसक्यो तर अझै टुङ्गोमा पुगेको छैन । म आफै द्वन्द्व पीडित महिला हुँ । कहिलेकाहीँ घटना सम्झिँदा म काहालिन खोज्छु । २०५८ पुस २७ गते बेलुका हामी घरमा खाना खाँदै थियौँ । घटना खोतल्नतिर जाँदा आफैलाई सम्हाल्न गाह्रो हुन्छ । यति मात्र भनौँ मेरो जीवनको खुसी खोसियो । म एकल महिला जीवन जिउन बाध्य भएँ म, म जस्तै अरुलाई सम्झन्छु र चित्त बुझाउँछु । भावनामा बहेर म केही कसैप्रति, पूर्वाग्राही बनेर म गाली गर्दिन । ती सबै घटना द्वन्द्वको नियमभित्र पर्दछन् । माओवादीले नेतृत्व गरेको जनयुद्ध र संयुक्त जनआन्दोलनकै प्रतिफल लोकतान्त्रिक गणतन्त्र आयो र म यहाँ छु । हामी सबै यहाँ छौँ । हवस्त, धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**ः- माननीय भुवन वहादुर सुनार ।

(१३:०६ बजे) **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- फेरि आज पनि सम्माननीय अध्यक्षज्यूको समक्ष मैले जातीय विभेद कै विषय उठाउन लागिरा'को छु । (समय थोरै होला) भर्खरै कास्कीको माछापुछ्रे गाउँपालिकामा भएको भोजमा भएको चाहिँ विवाद र जातीय विभेद त्यस्तै गरेर यो सिराहको भगवतीपुरको घटना र विरगञ्जको महायज्ञको घटना यी सबै घटनाहरू चाहिँ श्रृङ्खलाबद्ध घटना घटिरहेका छन् । र अध्यक्षमार्फत गृह मन्त्रीज्यूलाई कारबाहीको लागि ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय मदन कुमारी शाह (गरिमा) ।

(१३:०६ बजे) **माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, ढिलै भए पनि बहराइन सरकारको प्रतिष्ठित इशा अवार्डबाट माननीय सभाका लागि सम्मानित हुनुभएकोमा नेत्र विशेषज्ञ सन्दुक रुइतलाई हार्दिक बधाई ज्ञापन गर्दछु । विश्वमानचित्रमा नेपाललाई योग्यता र सेवा भावनाबाट चिनाउनुभएकोमा डाक्टर रुइतमाथि हामी गर्व गर्दछौं । यस अनुकरणीय कार्यका लागि डाक्टर रुइतप्रति आभार र धन्यवाद व्यक्त गर्न चाहन्छु । आँखाको लेन्स उत्पादन उद्योगलाई पर्याप्त आर्थिक सहयोग र तिलगंगा आँखा अस्पताल ((१३:०७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीयज्यू, मोबाइल स्विच अफ गर्नुहोस्) ।

**माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय आखाँ उपचार संस्थानको हब बनाउन आर्थिक वर्ष २०८०/०८१ मा समावेश गर्न सरकारसँग जोडदार माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय मोहम्मद खालिद ।

(१३:०७ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, धनुषा जिल्लामा संयोजित तरिकाले घटाइएका केही घटनाबाट सामाजिक र धार्मिक सद्भावना नकारात्मक प्रभाव पर्न गइरहेको हुँदा र संसारमा परिचित नेपालको विशेष पहिचानलाई समाप्त पार्न यस्ता दुष्यासलाई गर्नेहरूलाई कानुनको दयरामा ल्याई उचित कारबाही गर्न म माग गर्दछु । धन्यवाद ।

(१३:०८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब, म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय नर बहादुर विष्ट । समय ७ मिनेट । यसपछि माननीय शारदा देवी भट्ट ।

(१३:०९ बजे) **माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय सभा अध्यक्षज्यू, म समसामयिक केही विषयमा दुई तीनओटा विषयमा कुरा राख्न

चाहन्छु । यति बेला नयाँ सरकारको पूर्णता पनि भएको पनि छैन । तर पनि सरकार गठनको प्रक्रियामा दोस्रोपटक विश्वासको मत लिइसकेपछि अगाडि बढेको अवस्था छ । म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को मन्त्री मण्डलमा सहभागी सम्पूर्ण मन्त्रीज्यूहरूलाई कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । यति बेला हाम्रो देशमा पनि आर्थिक सङ्कटको भुमरी परेको भनेर विभिन्न व्यख्या विश्लेषण भैराखेका छन् । खास गरेर कोभिड नाइनको प्रकोपबाट भएको आर्थिक सङ्कट संसारमा पछिल्लो चरण आएर त्यो सङ्कट समाधान नहुँदै रसिया र युक्रेनबिचको द्वन्द्व लडाइँले ठुलो नेपालमात्र होइन कि पुँजीवादी देशहरू आफूलाई पुँजीवादका हिमायती भन्ने देशहरू पनि आज चरम आर्थिक सङ्कटमा पर्दै छन् ।

एउटा मात्रै उदाहरण अमेरिकाजस्तो देशमा तीनओटा बैङ्क टाँट पल्टिसक्यो । जसले अमेरिकामा सिभिलियन भ्याली बैङ्क टाँट पल्टिसक्यो । त्यहाँको चाहिँ सरकारको र अर्को बैङ्क फेडरल डिपार्ट इन्स्योरेन्स कर्पोरेसन (एफडीआईसी) ले नियन्त्रणमा लिएको छ अहिले । त्यस्तै सिग्नेचर बैङ्क अमेरिकाकै बैङ्क हो । र फास्ट रिपब्लिक बैङ्क जस्तैः स्विटजरल्यान्डमा पनि बैङ्कहरू टाँट पल्टिने अवस्था छ । यो दुइटा महाशक्ति राष्ट्रको जुगाको लडाइँले आफ्नो दम्भको लडाइँले संसारका निमुखा विकासउन्मुख देशहरूमा पनि यसको आर्थिक सङ्कट पर्दै गइराखेको छ । यसले नेपालमा पनि त्यसको केही न केही प्रभाव छ । संसारभरि आज महङ्गी परेको छ । पेट्रोलियम पदार्थदेखि लिएर खाद्य पदार्थसम्मको महङ्गी बढेको छ । ५० वर्षको इतिहासमा अमेरिकामा अहिले लङ रुटमा मान्छे नास्ता खान जाँदैनन् रेस्टुरेन्टमा जाँदैनन् । आफन्तको घरमा जान सुरु गरे । युरोपमा ग्यासको हाहाकारी छ । ग्यास आकासिएको हामी आत्मनिर्भर  परनिर्भर भएर । पेट्रोलियम पदार्थ थुप्रै आयात गर्ने देशको यो भूपरिवेष्ठित देश भएको हुनाले पनि हाम्रा यो देशमा पनि केही सङ्केतहरू देखिन्छन् । तर पनि  पछिल्लो यो सरकारले केही राम्रा कामहरू गर्दै गइराखेको छ । र राम्रो काम गरेबापत आलोचना पनि उसले गर्दछ । किनभने जब जसले राम्रो काम गर्छ । त्यसपछि आलोचना सुरु हुन्छ । जसले नराम्रो काम गर्छ । त्यसको प्रशंसा गर्यो भने हामी गलत ठाउँमा छौं भन्ने हामीले बुझ्नु जरुरी छ । त्यसैले २००८ मा अमेरिकाको एउटा ..... डुबिसकेपछिको आर्थिक सङ्कट जोथ्यो । त्यसको निरन्तर अहिले पनि संसारमा परिराखेको छ ।

हामी, यो आर्थिक सङ्कट टार्नको लागि हामी पक्ष र विपक्ष होइन । ती हामी राष्ट्रिय एकताको आधारमा सबै राजनीतिक पार्टीलाई पनि सबै पोलिटिक्स गर्ने नेताहरूलाई पनि सङ्कट पर्छ । त्यसैले यो आर्थिक सङ्कटको समाधानको लागि हामीलाई राष्ट्रिय एकताको खाचो छ । हाम्रा मुद्दा हाम्रा सिद्धान्त हाम्रा विचार आफ्ना ठाउँमा होलान् तर यो राष्ट्र बचाउन सक्यौं भनेपछि

यो राष्ट्रलाई आर्थिक उन्नतिबाट अगाडि बढाउन सक्यौं भनेपछि, राष्ट्रियतालाई जसलाई हामी लिम्पियाधुराको चुच्चे नक्सा पास गर्दखेरि जुन खालको राष्ट्रिय एकता भएको थियो सदनमा । त्यस्तै गरी यो सङ्कट टार्नको लागि पनि यो आर्थिक सङ्कट टार्नको लागि पनि हाम्रो राष्ट्रिय एकताको आवश्यकता छ । हामी बहस गरौंला छलफल गरौंला । तर पनि हामी यति बेला विभिन्न कोणबाट विश्लेषकहरूले सकारात्मक विश्लेषण पनि छन् । नकारात्मक विश्लेषण पनि छन् ।

आज नेपालको राजनीतिमा जुन सामाजिक सञ्जालले राजनीतिमा अराजकता अराजकताको राजनीति पपुलर हुँदै गैराखेको छ । जसले अरबौं रुपियाँ ऋण लिएर बैङ्क आफै डुबाउने आफै त्यो बैङ्कको नेतृत्व गरेर ऋण मिनाहा गर्छु भन्दै हिंड्ने प्रसाईं जस्ता मान्छे पनि यो देशमा छन् । त्यसैको पछाडि कुद्ने मान्छे पनि यो देशमा छन् । त्यसैले यी सबैको समीक्षा गरेर हामी राजनीतिक पार्टी हामी राजनीतिक पार्टीमाथिको हाम्रो नेतृत्वमाथि जुन खालको दोषारोपण भएको छ । त्यसको समीक्षित गरेर त्यसको समीक्षा गरेर मात्रै हामीले दिगो विकास शान्ति र सुशासनको हाम्रो जुन खालको बाचा छ त्यो अगाडि बढाउन सक्छौं ।

त्यस्तै अहिले जुन वित्तीय पुँजीवाद एकाधिकार वित्तीय पुँजीवादले लगानी उद्योगमा होइन । व्यवसायमा होइन । जुन खालको लगानी गरेर सबै मान्छेलाई जुन खालको भ्रमित पारेर जुन खालको अहिले अगाडि बढेको छ । त्यसको बारेमा पनि समीक्षा गर्न जरुरी छ । र अन्त्यमा मैले अघि यहाँ आउँदै गर्दाखेरि एउटा नयाँ पत्रिकामा हेरें । भुटानी नक्कली शरणार्थीको नाममा १ अरबभन्दा बढी ठगेको त्यसमा पहिलाको गृहमन्त्रालयको उच्च पदस्तहरू उच्च राजनीतिक नेताहरूलगायत थुप्रैले १४६ जनाले उजुरी गरेका छन् । त्यो फितलो हुँदै छ भन्ने छ । म सम्माननीय अध्यक्षमार्फत सरकारको ध्यान आकर्षण गराउँछौं । ती पीडित नक्कली एक सय एक करोड साठी लाखसम्म पैसा उठाएको भन्ने बुझिन्छ । त्यो मुद्दा फितलो गर्नको लागि अझ उच्चस्थ पदस्थको नाम नलिन भनेर दबाब आइराखेको भन्ने सुनिन्छ । म सम्मानित सभा अध्यक्षमार्फत सरकारको ध्यान आकर्षण गर्दछु । यी यथाशीघ्र यी ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय शारदा देवी भट्ट । यसपछि माननीय कृष्ण प्रसाद पौडेल ।

(१३:१६ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूले नेतृत्व गरेको

सरकारले सौ दिनको पूरा गरेको छ । र यस अवधिको सरकारले हरेक मोर्चामा पूर्णत असफल भएको जस्तो देखिन्छ । यो सरकार कति निहिर, कति कमजोर छ भन्ने पुष्टि सय दिनमा पनि मन्त्रीमण्डललाई पूर्णता दिन नसक्नु नै बयान गर्छ । तीन महिनाको अवधिमा जालझेल गरी गठबन्धन बदल्नुबाहेक देश र जनताको पक्षमा यस सरकारले कुनै काम गर्न सकेको छैन । यस सरकारबाट राजनीति स्थिरताको आश गर्न सकिँदैन ।

अहिले देशमा चारैतिर समस्या नै समस्याको जालो छ । देशको वर्तमान अर्थतन्त्रको अवस्था दयनीय छ । वित्तीय संस्था बिमार छ ।

(१३:१७ बजे) <u>पीठासीनः</u>- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सरकारसँग निजी क्षेत्रको विश्वास गुम्दै गइरहेको छ । रोजगारीको कुनै स्रोत छैन । उत्पादन घट्दो स्थितिमा छ । निर्यात लगभग शून्य छ । आयात वस्तुमा हामी निर्भर छौं । तर सरकार सौ दिनको उपलब्धि मनाउँदै आफ्नो गुनगानमै व्यस्त छ । यस सरकारले आफ्नो सौ दिनको उपलब्धि, उपलब्धि पनि फेहरिस्त सार्वजनिक गर्नु ..... र जनताको आँखामा छारो हाल्नुसिबाय केही पनि होइन ।

अध्यक्ष महोदय, केही दिनअघि यसै सम्मानीय सदनमा हामीले दलित अधिकारका सम्बन्धी सङ्कल्प प्रस्ताव गर्यौं, माथि छलफल गर्यौं । यहींबाट सर्वसम्मतिबाट पास पनि गर्यौं । कुनै विषयमा कानुन बुझ्नु, त्यसलाई लागु गर्नु एउटा कुरा भो' तर सामाजिक विभेदजस्तो कुरामा कानुन मात्र बुझेर हुँदैन । जबसम्म हामी हाम्रो समाजलाई उसको सोच्ने तरिकामा परिवर्तन ल्याउन सक्दैनौं । दलित अधिकार छुवाछुतसम्बन्धी कानुन त अहिले पनि छ । हाम्रो संविधानले दलित अधिकारलाई सुनिश्चित गरेको पनि छ । तर पनि हाम्रो समाज दलितलाई हेर्ने दृष्टिकोण परिवर्तन आ'को छैन । यो परिवर्तन ल्याउन हाम्रो सोचले परिवर्तन आउन जरुरी छ । यो संसारको सृष्टिकर्ता सर्वप्रथम महिला र पुरुष नै थिए । तिनीहरूको कुनै जात थिएन । त्यो हिसाबले जात भनेको दुइटै मात्र भए पुरुष र महिला । तर समय परिवर्तनसँगै समाजमा गरिब, धनी, जातजाति, माथिल्लो जात, तल्लो जात भनेर विभेद हुन थाल्यो । जुन अहिलेसम्म पनि जारी नै छ ।

अध्यक्ष महोदय, दलित आफैमा कुनै जात होइन । हाम्रो समाजमा वर्ग व्यवस्था अछुत बनाएका आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक रूपमा पछाडि पारेका जातहरूको साझा नामको रूपमा सम्बोधन गर्न दलित शब्दको प्रयोग भएको हो । नेपालमा जातीय

भेदभावको इतिहास लामै छ । दलित मुख्य समस्याहरू राष्ट्रको शक्तिको केन्द्रको रूपमा रहेको व्यवस्थापिका, कार्यपालिका, प्रशासन, शासन, शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक न्यायको पहुँचबाट वञ्चित रहनु हो । जबसम्म यी राज्यमा शक्ति केन्द्रमा दलितको पहुँच हुँदैन तबसम्म दलितको उत्थान हुन सक्दैन । समाज दलितअनुसार गैरदलीय समुदायमा बिच हुने भेदभाव, छुवाछुत विद्यमान छँदै छ । तर दुःखको कुरो दलित दलितहरूबिच नै आपसमा छुवाछुत र विभेद छ ।

राष्ट्रिय दलित आयोगले सूचिकृत गरेका दलित जातिहरूभित्रै नै छुवाछुत र विभेदको ठुलो खाडल छ । गैरदलित, दलितबिचको विभेद हटाउनुपर्छ । आफूभित्रकै विभेद समाधान खोज्नु जरुरी छ । यस्ता दलितभित्रका प्रतिक्रियावादी शक्तिलाई भत्काउन दलित समाज एक ठिक्का भएर लाग्न जरुरी छ । अध्यक्ष महोदय, हामीहरू जो सामाजिक अभियनता छौं, राजनीतिमा छौं । हामीहरू नै अहिलेसम्म परिवर्तन आ'को छैन । हामी जति नै दलित अधिकारको कुरा गरौं, भाषण गरौं तर हाम्रो भित्री मनले दलित स्वीकार्य गरेको अवस्था छैन ।

सामाजिक र राजनीति कार्यको दौरानमा मैले पनि यस्ता विभेदका थुप्रै घटनाहरू प्रत्यक्ष देखेको छु । २०४७ साल आदरणीय कमरेड मनमोहन अधिकारी र मदन भण्डारी कमरेड मलगायत सातजना डोटीको आमसभामा गएको बेला नरबहादुर सुनारको घरमा दुई दिनसम्म खाना खाएका थियौं । खै त व्यवस्था बदलिएको? त्यस बेला दलितको घरमा खाना खानु हुन्न भने पनि थुप्रै थिए । हामीमध्ये बाटै पनि थिए । तर कमरेड मनमोहन अधिकारी र मदन भण्डारीले अड्डी कस्नुभो' ।

त्यस्तै अर्को घटना याद आउँछ । छुवाछुतको विरोध गर्ने धनगढीमा रविन्द्र गहतराजको घरमा भोज गरेका थियौं । जहाँ दलित महिलाले खाना पकाएर सबै अगुवा भेला भएर खाने भनेर, कोही पनि तयार भएनन् । त्यसपछि मैले जब सुरु गरें खान पछि सबैले खाए । यस्तै थुप्रै अनुभवहरू छन् । अध्यक्ष महोदय, खाना खाँदैमा, भान्सा छुँदैमा, उपल्लो जातको घरभित्र पस्न दिँदैनमा, मन्दिरा पस्दामा दलितको व्यवस्था परिवर्तन आउँदैन । समाजको सोचमा नै परिवर्तन आउन जरुरी छ । पहिलेभन्दा अहिले दलितलाई हेर्ने दृष्टिकोणमा केही परिवर्तन नभएको होइन । अहिले नयाँ पुस्तामा दलितलाई हेर्ने दृष्टिकोणमा फरक आ'को छ । उनीहरू पुराना पुस्ताजस्ता कडोर छैनन् । यो समयमा सँगै आएको, यो समयसापेक्ष सँगै आएको परिवर्तन हो । तर पुराना पुस्तामा अझै यो रोगले गहिरो जरा गाडेको छ, अवस्था छ । उनीहरूमा पुरानो सोच, कट्टरवादी सोच अझै हावी छ ।

अध्यक्ष महोदय, हामीले जातीय विभेदको कुरा गर्दैगर्दा हाम्रो समाज त्यो पनि उपल्लो भन्ने जातिमै पुरुष र महिलामाथि नै विभेद छ । अहिले पनि एक्काइसौं सताब्दीमा कति मन्दिरमा महिलाहरूलाई जानु निषेध छ । नेपालमै एउटा मन्दिर छ जहाँ घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म महिलालाई दर्शन गर्न निषेध छ । जबकि त्यस बेला देवीको आराधना गरिन्छ । एउटा महिलालाई देवी जुन देवी हुन् उनकै दर्शन गर्न पाइँदैन । उनको दर्शनमा रोक छ । रोक लगाएको छ । भारतको सवरी माला भन्ने मन्दिरलगायतको केही मन्दिरमा महिलालाई निषेध त छुँदै छ, प्रवेश गर्न निषेध त छ त्यहाँ एक ..... जान दिँदैन । त्यस्तो पनि व्यवस्था छ अहिले पनि ।

अध्यक्ष महोदय, हामी जस्तो हाम्रो यस्तो समाजमा बसिरहेका छौं जहाँ रूढिवादी चिन्तनले हाम्रो मन मस्तिष्कमा भिन्दै, भित्रैसम्म धेरै लामो जरा गाडेको छ, गाडेर बसेको छ । यसलाई नवीन सोच, शिक्षाले हटाउन सकिन्छ । विद्यमान जातीय भेदभाव, छुवाछुतको अन्त गर्दै समृद्ध समाजको निर्माण, सुखी नेपाल, खुसी नेपालको अभियानलाई सार्थक बनाउन सबैले आआफ्नो ठाउँबाट यो योगदान दिन जरुरी छ । आशा छ चाँडै हामी जातीय भेदभाव, छुवाछुत अन्त गर्ने छौं र नेपाललाई जातीय भेदभाव मुक्त बनाउने छौं भन्ने आशा राख्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय श्री कृष्ण प्रसाद पौडेल । त्यसपछि माननीय सिंग वहादुर विश्वकर्मा । समय १० मिनेट ।

**(१३:२३ बजे) माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, आजको यस विशेष समयमा यो गरिमामय सदनमा म आफ्ना केही कुराहरू राख्न चाहन्छु । नेपाली नागरिकहरूको छ दशक लामो त्याग तपस्या र बलिदान स्वरुप देशले सबैभन्दा राम्रो पोलिटिकल सिस्टम सङ्घीय लोकतान्त्रिक गणतन्त्र पाएको छ । र राज्यका तीनै तहको निर्वाचनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधार स्तम्भहरू बलियो भएका छन् । संस्थागत भएका छन् । र दरबिलो पनि भएको छ । र राजनीतिले एउटा लय र बाटो पक्डिसकेको छ । र पनि आज नेपाली समाज चरम गरिबी, अशिक्षा, विभिन्न बेतिथि, विसङ्गति, विकृतिहरूले आक्रान्त भ'को छ । आमनागरिकले आधारभूत रूपमा सेवा पाउनुपर्ने, शिक्षा, स्वास्थ्य, यातायात त्यस्तै पासपोर्ट बनाउन जाने ठाउँ, कर तिर्न जाने ठाउँमा समेत नेपाली नागरिकहरूले भोग्नुपरेको सास्ति, दुःख, कष्ट, पीडा यसो हेर्दाखेरि हामी सबैको आखाँबाट आसु आउने टाइपको छ ।

सम्माननीय अध्यक्षज्यूमार्फत सम्बन्धित निकायको ध्याना आकर्षण गर्न चाहन्छु । नेपाली नागरिकहरूले यस्तो दुःख, कष्ट, पीडा कहिलेसम्म भोग्ने हो?

त्यस्तै नेपालको अर्थतन्त्रको कुरा गर्ने हो भने राजस्व अपेक्षित रूपमा उठ्न सकेको छैन । विकास बजेट अत्यन्तै न्यून खर्च छ । भएको खर्च पनि बेरुजु छ । भएको बेरुजु पनि फर्छ्यौट छैन । यस्तो सङ्कटग्रस्त अवस्था कसरी आयो? यसमा को जिम्मेवार छ? र यस्तो अवस्था आइसक्दा कति जना दण्डित हुनुभयो? हामी सुशासनको नारा दिन्छौं । सुशासन यही हो त? र मलाई के लाग्छ भने आमनिर्वाचनमा नेपाली नागरिकहरूका प्रति हामीले गरेका कबुलहरू नेपाली नागरिकलाई हामी यो गर्छौं, यो गर्छौं, यो गर्छौं भनेर आएका थियौं । के आज हामीले नेपाली नागरिकको आमनागरिकको इच्छा, चाहना, भरोसाअनुसार काम गर्न सकेका छौं त? हाम्रो काम गर्ने पद्दति तौरतरिकामा कहीं न कहीं मिस्टेक भए जस्तो लाग्छ । हामी नेताहरूलाई र राजनीतिककर्मीहरूलाई आमनागरिकले हेर्ने दृष्टिकोण आज के छ? हामीले बुझ्न जरुरी छ । र बुझेर हामीले आफूलाई पनि परिवर्तन गर्न जरुरी छ जस्तो लाग्छ मलाई । नागरिकले जे जुन स्पिडमा नागरिकले सेवा, सुविधा पाउछन् भन्ने थ्यो । पाएका छैनन् । त्यसमा हाम्रो कतै कमी कमजोरी पक्का छ । र हामी सुध्रिनु आजको आवश्यकता जस्तो लाग्छ  मलाई लाग्छ नम्बर एक ।

हामी मात्रै सुध्रेर भएन हाम्रो ब्युरोक्रेसी Permanent Government लाई पनि हामीले सुधार्नुपर्यो । मलाई थाहा छ सिंहदरबारको एउटा विल्डिङबाट अर्को विल्डिङमा फाइल सर्न दुई चार महिनै लाग्ने अवस्था छ । र यसरी चाहिँ हामी संसारकै एउटा असफल राष्ट्र हुन खोजेका हौं त? र डेमोक्रेसी भनेको जीवन पद्दति पनि हो । हामीले आफ्नो जीवन पद्दति, हाम्रो संस्कार, संस्कृतिलाई पनि परिवर्तन गर्नुपर्छ । र यति भन्दा भन्दै अब हामी केही गर्न नसक्ने हो त? मलाई के लाग्छ भने नेपाली काँग्रेसको नेतृत्वमा सबै राजनीतिक दल मिलेर जसरी हामीले राम्रो उत्कृष्ट संविधान ल्याउन सफल भयौं । त्यस्तै प्रकारले हाम्रो मुलुकमा विद्यमान छताछुल्ल प्राकृतिक सम्पदा, सांस्कृतिक सम्पदा यहाँको जैविक विविधता र यहाँको युवा नेपाली समाज हामीले संसार भरि हेर्दाखेरि नेपाली समाज जस्तो युवाहरूको समाज अन्यत्र छैन । यिनीहरूको सदुपयोग गरेर हामी आफै पनि सुध्रेर हाम्रो ब्युरोक्रेयसीलाई सुधारेर आमनागरिकले आमनागरिकलाई हिजोभन्दा आज, आजभन्दा भोलि उनीहरूको जीवन सरल, सहज बनाउन आजको आवश्यकता हो ।

म यसै सन्दर्भमा म सरकारलाई आगामी नीति तथा कार्यक्रमहरूमा यी कुराहरू ल्याउनुपर्छ भनेर केही सुझाव दिन चाहन्छु । नेपाल चाहिँ Land Lock Country हो र हामीले

उद्योग, कृषिबाट उत्पादन गरेका बस्तु तथा सेवाहरू सजिलै निर्यात गर्न सक्दैनौं केही अब्स्टयाकलहरू छन् । तर चाहिँ विदेशी बजारमा सजिलै बेच्न सकिने । कम मूल्यमा, कम लगानीमा स्थापना गर्न सकिने । आमनेपाली युवाहरूको चाहनामा रहेको आईटी इन्ड्रस्ट्री हामीले खोल्न सक्यौं । र नेपाललाई आईटीको हब बनाउन सक्यौं भने नेपाल साँच्चै एकातिर चीन अर्कोतिर भारत विशाल जनसङ्ख्या भा'को देशहरू छन् । र हामीले आईटीको हब बनाउन सक्यौं भने हामीले चाहिँ नेपाललाई एसियाको इकोनोमिक सेन्टर पनि बनाउन सक्छौं ।

त्यस्तैः एजुकेशनको कुरा छ । शिक्षाको बारेमा मैले धेरै बोल्नुभन्दा पनि अस्ति एउटा पेपरमा आएको थियो । यो आर्थिक वर्षको सात महिनामा सत्तरी हजार विद्यार्थी करिब करिब चौवालिस अरब विदेशिएको छ । र हाम्रो नेपालको भूगोल, नेपालको विविधता, नेपालको प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा सबै कुरालाई विचार गर्ने हो भने हामीले यो देशलाई एजुकेशनको हब बनाउन सकिन्छ । एजुकेशन र आईटीको हब बनाउनुभनेको नेपाललाई एसियाको इकोनोमिक सेन्टर पनि बनाउन सकिन्छ । र यसमा आईटीको हब बनाउनको लागि सारै ठुलो लगानी गर्नुपर्ने कुरा कही छैन । हामीले दुई तीन कुरामा विचार गर्ने ध्यान पुऱ्याउने हो भने यसलाई आईटीको हब बनाउन सकिन्छ ।

एउटा के हो भने नेपालमै State of culture भनेको अर्थ सानातिना, झिना मसिना आईटी कम्पनीहरू नेपालमा खोल्न प्रोत्साहन गर्ने । त्यसको लागि युवाहरूलाई केही समयको लागि ट्याक्स फ्रि गरेर हुन्छ कि? उनीहरूलाई सहज र सरल ढङ्गले लोन दिएर हुन्छ कि? यसरी हामीले क्या गर्न सक्छौं भन्दाखेरि Brain Drain को समस्या पनि सल्भ गर्न सक्छौं । नम्बर एक । नम्बर दुई विदेशमा रहनुभएका दाजुभाइ दिदी बहिनीहरू जो आईटीसँग इन्ट्रेस्ट राख्नुहुन्छ । आइटी विषयको विज्ञ हुनुहुन्छ । उनीहरूलाई पनि आफ्नो देशप्रतिको माया त छ । उहाँहरूसँग भएको सिप, श्रम र पुँजीलाई नेपालको चाहिँ आईटी कम्पनी खोल्नको लागि आईटी इन्ड्रस्ट्री खोल्नको लागि उचित किसिमको वातावरण दिन सक्यौं भने भन्न सकिँदैन । यो खोल्दै जाँदा व्यापार व्यावसाय गर्दै जाँदा ती नेपाली दाजुभाइ, दिदी बहीनीहरू नेपालमै फर्कौं फर्कौं भन्ने उनीहरूको मनमा पनि आउन सक्छ । र यसबाट हामी Brain Gain पनि गर्न सक्छौं ।

त्यस्तै अर्को के छ भन्दाखेरि विज्ञहरू संसारका आईटी विज्ञहरू घुम्दै फिर्दै कहिले कुन देशमा गा'छ, कहिले कुन देशमा गा' छ । रिमोटली काम गर्न चाहन्छन् । हाम्रो देशको प्राकृतिक सम्पदा, सांस्कृतिक सम्पदा र हाम्रो देशको सौन्दर्यका कारण पनि संसारभरिका आईटी एक्सपोर्टहरूलाई नेपालमा ल्याउन सकिन्छ । यसले पर्यटन उद्योगमा पनि थप चाहिँ भूमिका थप

महत्त्व राख्दछ । यसरी आईटी र त्यसरी नै एजुकेशनको हब हाम्रो देशको सबै कुराले हाम्ले चाहिँ पहिला खाद्यान्न निर्यात गर्थ्यौं । अहिले तीन खरबभन्दा बढीको कृषिजन्य वस्तुहरू आयत गर्छौं । र हामीले कृषिजन्य वस्तुहरू उत्पादन गरेर त्यसको Cast of Production लाई ध्यान दिने हो भने विदेशमा निर्यात गरेर डलर कमाउँला जस्तो मलाई चाहिँ लाग्दैन । तर मिनिमम् हामीलाई खान पुग्ने त उत्पादन गर्नुपर्यो?

र अर्को के छ भने कृषिजन्य कुरै गर्ने हो भने ताप्लेजुङदेखि दार्जुलासम्म पहाडमा थुप्रिएका अनेक प्रजातिका जडीबुटी ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सिंग बहादुर विश्वकर्मा । समय ६ मिनेट । त्यसपछि माननीय नारायण प्रसाद दाहाल ।

**(१३:३४ बजे) <u>माननीय श्री सिंग बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त मिति २०७९ साल १२/८ गते ५८ औं राष्ट्रिय जातीय विभेद भेदभाव र उन्मुलन दिवस मार्च २१ को अवसरमा दलित समुदायको विभेद र उत्पीडितहरूको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने विषयमा पेस गरिएको सङ्कल्प प्रस्ताव सङ्कल्प यस सम्मानित सदनबाट पास भएको छ । यसका निमित्त सम्माननीय अध्यक्षज्यू, उपस्थित माननीयज्यूहरूलगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । र सँगै हिजो राज्य सत्ताबाट आफ्नो हक अधिकार खोजिएका सामाजिक उत्पीडन र जातीय छुवाछुत तथा भेदभावबाट पिल्सिएका लाखौं दलित समुदायप्रति सम्झना गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, नेपालको संविधानले नै जातीय छुवाछुत तथा भेदभाव अन्त्य गर्ने कुरा संविधानको प्रस्तावनामा नै उल्लेख गरिएको मौलिक हकको रूपमा अधिकार स्थापित गर्ने गरी वि.सं. २०६३ जेठ २१ गते मुलुकलाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएको थियो । तर पनि योबिचमा कैयौं जातीय विभेदका घटनाहरू दिन प्रतिदिन घटिरहेका छन् । विगतमा काभ्रेका अजित मिजार, सप्तरीका शिवशङ्कर दास, झापाकी अस्मिता सार्की, तनहुँकी सङ्गिता परियार, सन्धुपाल्चोकको माया तिरुवा, म्यादीका सबिता नेपाली, रुकुम पश्चिममा अन्तरजातीय प्रेम सम्बन्धका कारण जाजरकोटका नवराज वि.क. सहित पाँच जनाको हत्यालगायतका दलित समुदायमाथि भएका जातीय छुवाछुत भेदभाव निर्घात कुटपिट, बलात्कार, हत्याका घटनाहरू दिन प्रतिदिन घटिराखेका छन् । न्यायिक निरुपण पाइराहेका छैनन् भने दलित आन्दोलनबाट

उपलब्ध अधिकार आरक्षण समानुपातिक समावेशितासमेत गुमनमा हुने परिस्थिति सिर्जना भएको छ भने दलित समुदायमाथि यस्ता विषयले मनोवैज्ञानिक विभेदसमेत बढ्दै गइरहेको छ । यसको सकारात्मक प्रचारसमेत गराउन म नेपाल सरकारको ध्यान आकर्षित गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, संविधानको प्रस्तावना नै छुवाछुत अन्त्य गर्ने कुरा उल्लेख भएको हुँदा यो विषय संघीय संसद र सरकारको पहिलो प्राथमिकताको विषय बन्नुपर्दछ । र संविधानको भाग-३ मौलिक हक र कर्तव्यअन्तर्गतको धारा २४ को छुवाछुत तथा भेदभावविरुद्ध हक धारा ४० को दलितको हकमा व्यवस्था भएका सम्पूर्ण हकहरू अधिकारहरू पूर्ण रूपले कार्यान्वयन गर्न आवश्यक नीति नियमहरूलाई निश्चित समयभित्र बनाउन र दलित आयोगलाई संवैधानिक आयोगको रूपमा संघीयताबमोजिम प्रदेशस्तरमा समेत कार्यालयहरू विस्तार गर्नुपर्ने र गृह मन्त्रालयले माताहतमा रहेका कार्यालयहरूमा दलित सेलको सम्मन व्यवस्था गर्नुपर्ने दलित समुदायको पेसा, व्यवसायलाई आधुनिकीकरण गरी व्यवसायकसहित आत्मनिर्भर बनाइ यो समुदायको प्रति व्यक्ति आयसमेत वृद्धि गर्न कार्यक्रमहरू ल्याउन नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, म यो सिङ्गो सदनका माननीय सदस्यहरूलाई अनुरोध, आग्रह गर्न चाहन्छु । हामी यस सदनबाट आफ्नो जिम्मेवारी पूरा गरेर फर्किंदा जातीय छुवाछुत मुक्त नेपाल बनाउन सक्यौं भने मात्र यो संसदीय हैसियतले सार्थकता प्राप्त गर्ने छ तर यो प्रथा पूर्ण रूपले अन्त्य गर्न हामी दलित समुदायको तर्फबाट मात्रै आएका सांसदको भूमिकाले मात्र हुँदैन । हामी सबैको भूमिका अनिवार्य हुनुपर्दछ भन्दै दलित समुदायको हक, अधिकार कार्यान्वयन र यो समुदायको अधिकार स्थापित गराउन हालै मात्र यस सम्मानित सदनमा पेस भई पास भएको सङ्कल्पमा उल्लेखित विषयमा गम्भीर भई कार्यन्वयनमा ल्याउन म नेपाल सरकारको ध्यान आकर्षित गराउँदै मेरो आफ्नो भनाइ यहीं अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण प्रसाद दाहाल । समय ५ मिनेट । त्यसपछि माननीय विना पोखरेल ।

**(१३:४० बजे) <u>माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म मनोनीत भएपछि यो पहिलोपटकै यो रोस्ट्रममा उभिएको छु । त्यसकारण सम्माननीय अध्यक्षज्यूलाई समय दिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हामी अहिले देश चैं एउटा स्थायी, राजनीतिक रूपमा स्थायी र सरकारले सापेक्षित पूर्णता प्राप्त गरेको अवस्था छ । ठुला चुनौती र आशातीत सम्भावनाको बिचबाट जिम्मेवारी बोधको बिचबाट बढ्नुपर्ने देखिन्छ, अहिले । यस अवस्थामा हरेक चुनौतीबाट पार पाउन सम्भव भएसम्म राष्ट्रिय सहमति कायम गर्न सक्नुपर्छ । यो नै अहिलेको चैं राजनीतिमा देखापरेको एउटा विशिष्ट अवस्था हो । कम से कम २०७२ को संविधान, त्यस संविधानले निर्दिष्ट गरेको गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, लोकतान्त्रिक समावेशिता, पक्षधरहरूको बिचको राष्ट्रिय सहमति नै देशमा देखापरेको आर्थिक जटिलताको अन्त, शान्ति प्रक्रियालाई अन्तिम निष्कर्षमा पुर्याउने तथा विकास र समृद्धिलाई जनअपेक्षित गर्नको निम्ति एक मात्र अस्त्र हो भन्ने लाग्छ मलाई । जसका निम्ति सम्माननीय प्रधानमन्त्री र वर्तमान मन्त्रिपरिषद्को भावना र चाहाना अभिव्यक्त भइरहेको प्रष्ट बुझिन्छ ।

सम्माननीय अध्यक्षज्यू, आजसम्म हेर्दा विगतका सरकारले राम्रा निर्णयहरू गर्दैगर्दा, कतिपय राम्रा निर्णयहरू गर्दैगर्दा कार्यान्वयन नभएको अवस्थाले जनतामा अविश्वास पैदा हुँदै ग'को छ । निर्णय गर्दा राम्रा, ठिक छन्, अब केही हुन्छ भन्ने खालको एउटा हुन्छ तर चैं ती कार्यान्वयन नहुने अवस्थाले गर्दा जनतामा एउटा अविश्वास पैदा हुँदै ग'को छ । भएको बेलामा सरकार गम्भीर बनेर विश्वास आर्जन गर्दै प्रतिफल देखाउन अहिले सरकारले गरेका निर्णयहरू, जति राम्रा निर्णयहरू छन् त्यसबाट एउटा रिजल्ट निकाल्दै त्यो खालको एउटा विश्वास पैदा गर्न जरुरी देखिन्छ । जसले हामीबिचमा वर्षैदेखि गरेका निर्णयहरू, जुन निर्णयहरू अहिले पनि थाती नै छन् । निर्णय गर्ने तर त्यो कार्यान्वयन नहुने भइराखेका छन् । जसले गर्दा कैयौं खालको एउटा अविश्वास, कैयौं खालको एउटा अस्थिरता पैदा हुने स्थिति पनि देखा परेको छ । जस्तोः जनयुद्धकालीन मुद्धाका कुरा, अब सत्यनिरूपण तथा बेपत्ता नागरिक खोजबिन आयोगका कुराहरू यी धेरैपटक निर्णय भएका छन् । गर्ने भन्ने कुरा भ'को छ । जसलाई गर्न अति जरुरी छ । अहिलेको राजनीतिक परिभेषमा हामीले त्यसकलाई ठिक ढङ्गले निरूपण गर्न सकेनौं भने हामीले देखिराखेका छौं यो धमिलो पानीमा माछा मार्न उदत्त प्रवृत्तिहरू देखापरिराखेका छन् । विभिन्न ढङ्गले, विभिन्न कारखानामा, विभिन्न किसिमले चैं यो खालको प्रवृत्तिहरूले टाउको उठाइराखेको अवस्थामा हामीले यी विषयमा गम्भीरताका साथ सोच्न जरुरी छ भन्ने लाग्छ ।

अब कतिपय सङ्घीयता, गणतन्त्र यी सबै आइसकेको सन्दर्भमा चैं कैयौं विषयवस्तुहरू, सङ्घीयता कार्यान्वयन गर्ने सन्दर्भमा प्रदेश र सङ्घको बिचको अन्यौलता, स्थानीय र सङ्घको बिचको अन्यौलता यी सबै चिजलाई चिर्नको निम्ति केही कानुन जो बारम्बार जनस्तरबाट नि उठिराखेको छ । निजामती ऐन, शिक्षा ऐन, प्रहरी समायोजन ऐनजस्ता यस्ता कैयौं महत्त्वपूर्ण छन् । जसले

प्रत्यक्ष चैं सङ्घीयतालाई प्रभाव पारिराखेको छ । सङ्घीयताको अनुभूति भइराखेको छैन फिल्डमा । यी खालका विषयवस्तुहरूमा अलि गम्भीरताका साथ सोच्न जरुरी छ भन्ने लाग्छ । र छिटोभन्दा छिटो यी विषयवस्तुहरूलाई सम्पादन गर्न जरुरी छ । जसको निम्ति हाम्रो राष्ट्रिय सभाको पनि उत्तिकै महत्त्वपूर्ण छ भन्ने मलाई लाग्छ ।

सम्माननीय अध्यक्षज्यू, नेपाली जनताले लामो बलिदानपूर्ण सङ्घर्षपछि प्राप्त राजनीतिक उपलब्धिमाथि विभिन्न कोणबाट अराजनीतिक र भद्दा आक्रमण भइरा'को छ । कहिले शान्ति प्रक्रियालाई प्रभावित हुने गरी अदालतमा शान्ति प्रक्रियाका मुख्य नेतृत्वका विरुद्ध मुद्दा दर्ता गर्ने, कहिले आफ्नै जिम्मेवारी र हैसियत नै बिर्सिएर गणतन्त्र र सङ्घीयता मुख्यतः संविधान विरोधी अभिव्यक्ति दिने र भ्रम सिर्जना गर्न खोज्ने, कहिले जनप्रतिनिधि संस्थामाथि नै गैरन्यायिक ढङ्गले हमला गर्ने, गराउने आदि दर्जनौं हर्कतहरू हुँदै आएका छन् । यी हर्कतहरू आफै रोकिएका छैनन्, आफै रोकिनेवाला छैनन् । यस्ता हर्कतहरूलाई निस्तेज बनाउनुको निम्ति पनि हामी सबै राजनीतिक रूपमा सचेत ढङ्गले लाग्न जरुरी छ जस्तो मलाई लाग्छ । जस्तै सम्माननीय अध्यक्षज्यू, जुन व्यवस्था र संविधानअन्तर्गत सहभागी भएर तलब भत्ता र सुविधा र मान सम्मान आर्जन गर्ने र सुविधा सम्मान लिन मरिहत्य गर्ने तर त्यसै संविधान र व्यवस्थालाई आक्रमण गर्ने र निषेध गर्न खोज्नु त राजनीतिक नैतिकता र इमान्दारिता हुँदै होइन भन्ने लाग्छ । जुन मान्छेको जुन भान्सामा खाना खाएर हिँड्यो, त्यही भान्सामा फोहोर गर्ने कुरा त्यो गलत हो भन्ने लाग्छ । त्यही संविधानअन्तर्गत सबै सुविधा लिनलाई नि तयार हुने, अगाडि बढ्ने ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय विना पोखरेल । त्यसपछि माननीय ईन्दु कडरिया । विना पोखरेल समय ८ मिनेट ।

**(१३:४६ बजे) <u>माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, १ नम्बर हाम्रो देश कता जाँदै छ? लामो समयको सशस्त्र सङ्घर्ष र जनताको ठूलो हिस्साको सहभागितामा भएको जनआन्दोलनले ल्याएको परिवर्तन अनि जनता र राष्ट्रले खोजेको शान्ति, स्थिरता, समृद्धि र सुशासनको प्रत्याभूति कि भैरहेको छन्?

२ नम्बर बुँदाः म केही उदाहरण पेस गर्न चाहन्छु । एक दिनैपिच्छे माइतीघर मण्डलामा धर्ना देखिन्छन् । मिटरब्याजीहरूको पीडा पिडामा परेका सर्वसाधारण गरिब जनता आन्दोलनमा देखिन्छन् । चर्को ब्याज असुलेर पनि चित्त नबुझाइ मिटरब्याजीहरूले अदालतमा मुद्दा दिएर

सताएको घरबारविहीन बनाएको र अदालतले उनीहरूकै पक्षमा फैसला दिएर जेल जानुपर्ने स्थिति बनेको गुनासो उनीहरू सुनाउँछन् । सरकारले पीडितहरूसँग पाँच बुँदे सम्झौता गरेको छ तर तत्काल कार्यान्वयन हुन्छ कि हुँदैन? दुईः खेती किसानी गर्दा फाइदा नभएर या खेती गर्ने वातावरण नभएर जमिन बाँझो हुँदै गएका छन् । खरबौं रुपियाँको खाद्यान्न तरकारी र फलफूल आयत आयत भैरहेको छ । जति कृषिमा छन् । ती पनि पेसा छाडेर सडकमा आई आन्दोलन गर्दै छन् । भूमि आयोग बनाएर काम अगाडि बढाएको भए पनि सोचे जसरी काम भएको देखिँदैन । सुकुमबासी पहिचान गर्न नै नसकेको देखिन्छ चर्को राजस्व दरले वर्ष र वर्षौंदेखि आफैले जोत भोग गरेको जग्गा किन्नुपरेको जस्तो भएको छ । सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई ।

तीन, शिक्षालयहरूको सङ्ख्या जणना गरेर साध्य छैन । तर उच्च शिक्षा अध्ययन गर्न विदेश जानेको क्रम अझ बढ्दो छ । यही वर्षको साउनदेखि फागुनसम्मको ८ महिनाभित्र ७२,६१० विद्यार्थीले नोअब्जेक्सन लेटर लिएर यही चालु वर्षमा मात्रै ४३ अर्ब ७४ करोड रुपियाँ विद्यार्थीको नामबाट विदेश गैसक्यो ।

चार, बेरोजगारी विकराल छ । वैदेशिक रोजगारमा जानको लागि पासपोर्ट बनाउने र म्यानपावर धाउनेको सङ्ख्या कुनै कमी आएको छैन ।

पाँच, सहकारी र लघुवित्तको ब्याजविरुद्ध चर्को आवाज उठिरहेको छ । र पीडित जनता आन्दोलनमा छन् । सरकारले उचित समाधान नदिए आत्महत्या गर्ने बेला भइसक्यो भन्दै उनीहरू बिलौना गाइरहेका छन् ।

छ, महङ्गी नियन्त्रणभन्दा बाहिर छ । बिचौलियाहरूको चलखेल सबै क्षेत्र अस्तव्यस्त देखिन्छ ।

सात, १ नम्बर प्रदेश सभाले आफ्नो प्रदेशको नाम कोशी राखेपछि सिङ्गै प्रदेश अशान्त छ । कोशी नाम खारेज गर्न उक्त प्रदेशमा आन्दोलन सुरु भएको छ । पहिचानको अधिकार जसले खोजे र लामो समयसम्म लडे । ती उत्पीडन उत्पीडित उपेक्षित जनताको भावनाको सम्बोधन नहुँदा आन्दोलन सुरु भएको छ । स्थानीय तहमा ताला लाग्न थालेको समाचार सुनिँदै छ । राज्य पुनर्संरचना आयोगले निर्धारण गरेको पहिचानका पाँच आधारलाई बेवास्ता गर्दा यो परिस्थिति सिर्जना हुन पुगेको छ । आन्दोलनरत पक्षसँग वार्ता र संवाद गरी तत्काल निकास खोज्न राज्य पक्ष अधिक संयमित र लचक हुनुको सट्टा कडा रूपमा प्रस्तुत हुन खोजेको जस्तो देखिँदै छ । प्रदेशको नाम खारेज गर्दै जातीय पहिचान झल्कने गरी नामाकरण गरिनुपर्छ भन्दै

विरोधमा उत्रिएका आन्दोलनमाथि प्रहरी हस्तक्षेप हुँदा घाइते भएका पदम लिम्बूको निधन भएको छ । प्रक्रियात्मक रूपमा गरिएको विरोध आन्दोलनको रूपमा विकसित हुने सम्भावना देखिँदै छ । संविधानमा लिपिबद्ध भएका महिला, दलित, मुस्लिम, आदिवासी जनजातिलगायत जनताका अधिकारहरू कुन्ठित हुँदै छन् । नेपाली समाज फेरि विभक्त हुन खोज्दै छ र हाम्रो राष्ट्रिय एकता कमजोर हुने सङ्केत देखिँदै छ । यो सन्दर्भमा, म विराटनगरमा घाइते भई उपचारको क्रममा निधन भएका पदम लिम्बूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । मृतक पदम लिम्बूको परिवारप्रति समवेदना व्यक्त गर्दछु । परिवारजनलाई उचित क्षतिपूर्ति दिन र विरोध प्रदर्शनको क्रममा घाइते हुनेहरूको निःशुल्क स्वास्थ्य उपचार गर्न सरकारसँग माग पनि गर्दछु । साथै आन्दोलनकारी सङ्घ संस्थासँग अविलम्ब वार्ता गरी परिस्थितिलाई सहज बनाउन पनि सरकारसँग अनुरोध गर्दछु ।

अध्यक्ष महोदय, हामी कहाँ चुक्यौं? या हामी कहाँ चुक्दै छौं? गम्भीर समीक्षा गर्नुपर्ने बेला भएको छ । देशको यो अवस्थाबाट फाइदा लिन धमिलो पानीमा माछा मार्ने दुष्प्रयत्न पनि हुँदै छ । संघीयता र गणतन्त्रमाथि नै प्रश्न उठ्दै छ । इतिहासमा थन्किसकेका प्रतिगामी तत्त्वहरू जुर्मुराउँदै छ र देशको कार्यकारी प्रमुख सम्माननीय प्रधानमन्त्रीमाथि अदालतमा मुद्दा दर्ता गरिएको छ । यो अवस्थाप्रति सम्बन्धित पक्ष जति संवेदनशील बन्नुपर्ने हो । र समस्याको समाधान गम्भीर भएर लाग्नुपर्ने हो । त्यस्तो देखिएको छैन । राज्यका खास खास संयन्त्रको उदासीनताले देश फेरि अर्को द्वन्द्वमा नफसोस् । देश अन्धकार युगतर्फ नधकेलियोस् र जनताको ठुलो बलिदानबाट आएको यो राजनीतिक परिवर्तनको घाँटी ननिमठियोस् । म खबरदारी गर्न चाहन्छु । र बेलैमा समस्याको समाधान खोज्न सबैसँग हार्दिक अपिल गर्न चाहन्छु ।

साथै जाँदाजाँदै, योबिचमा राष्ट्रपति, उपराष्ट्रपतिको चुनाव सम्पन्न भएको छ । मन्त्रीमण्डल पुनर्गठन भएको छ । म नवनिर्वाचित सम्माननीय राष्ट्रपति, उपराष्ट्रपतिलगायत सबै नयाँ मन्त्रीज्यूहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु र जन अपेक्षा पूरा हुने गरी सबैको कार्यकाल सफलता होस् भनी शुभकामना पनि व्यक्त गर्दछु । हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय ईन्दु कडरिया । समय ८ मिनेट । त्यसपछि माननीय अनिता देवकोटा ।

**(१३:५४ बजे) मानननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको पन्ध्रौं बैठकमा छौं हामी । म यो बैठकमा आफ्नो केही समसमायिक विषयमा केही आफ्नो भनाइ राख्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सङ्घ र प्रदेशको निर्वाचन सम्पन्न भएको आज करिब पाँच महिना भयो । प्रधानमन्त्रीले सपथ लिनुभएको पनि आज करिब चार महिना भयो तर आजसम्म मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन भने प्रतिनिधि सभामा बन्ने विषयगत समितिहरूसमेत बन्न सकेको अवस्था छैन । यसले के प्रष्ट पार्छ भने वर्तमान सरकार भागबन्डामा अल्झिएको छ । जनसरोकारका विषयमा सरकार बेखबर छ भन्ने बुझिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, विधेयक, अधिवेशन भनेर चिनिने हिउँदे अधिवेशन सुरु भएको आज करिब तीन महिना बित्यो तर हामी पन्ध्रौं बैठकमा उपस्थित छौं । यति लामो समयको चालु अधिवेशनमा जम्मा पन्ध्र दिन मात्र राष्ट्रिय सभाको बैठक बस्नु विडम्बना छ । सरकार सदनप्रति उत्तरदायी हुन सकेन । सरकारले सदनलाई बिजनेस दिन सकेन । तसर्थ, देशको नीति निर्माण हुने जनताका दैनिक सरोकारका विषयमा छलफल हुने सदन प्रभावकारी रूपमा चलाउन नसक्ने सरकारबाट जनताले के अपेक्षा गर्ने? सरकार संसद र जनताप्रति उत्तरदायी हुन सकेन । उत्तरदायी हुन म अध्यक्षमार्फत् सरकारको ध्यानाकार्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, वर्तमान सरकारलाई मन्त्रालयको भागबन्डा मिलाउन सकस परेको छ । सदन जनताको, सरोकारको विषयमा गम्भीर छलफल हुने थलो हो तर आजभोलि यहाँ एक अर्काप्रति आरोप, प्रत्यारोप लगाउने थलो बनेको छ । जनताप्रति सरकार गम्भीर देखिँदैन । जनताको दैनिक जीवन कष्टकर बन्दै गइरहेको छ । जनसरोकारका सानातिना समस्या बोकेर पनि सङ्घीय मन्त्रालय गुहार्नुपर्ने अवस्था अझै पनि कायम छ । देशको व्यवस्था परिवर्तन भयो तर जनताको अवस्था समय अनुकूल परिवर्तन हुन सकेन ।

सम्माननीय अध्यक्ष महोदय, किसानका समस्या, उपभोगताको ढाड सेक्ने महङ्गी, सुस्त गतिमा निर्माण भइरहेका राष्ट्रिय गौरवका आयोजनाहरू, देशमा भविष्य नदेखेर पलायन भइरहेका युवा शक्ति, शिक्षाको खस्कँदो गुणस्तर, अझ कलेज र विश्वविद्यालयमा विद्यार्थी नपुग्ने अवस्था आउनु देशका लागि दुर्भाग्य हो । हालै तराईलगायत केही जिल्लामा गरिब किसानहरूका मिटरब्याजको समस्याले घरबार उठिबास हुने समस्या आएकोले मिटरब्याजी पीडितहरू आन्दोलित छन् । मिटरब्याज पीडितहरू तराईदेखि हिँडेर खुट्टामा घाउ बनाउँदै माइती घर र टुडिखेल आउनुपर्ने र प्रहरीको लाठी खाँदै अपमान सहनुपर्ने कहिलेसम्म? यो देशमा सरकार कहाँ

छ? न्यायका लागि सङ्घीय सरकारको मुख ताक्नुपर्ने किन? स्थानीय र प्रदेश सरकार किन मौन देखिन्छन्? मिटरब्याजीलाई न्याय दिन न्यायिक थलो भनेर चिनिने स्थानीय निकाय किन अन्यायमा परेकालाई न्याय दिन सक्दैन? यसमा सङ्घीय सरकारले समन्वयकारी भूमिका खेल्न पर्ने होइन र?

सम्माननीय अध्यक्ष महोदय, नेपालको उच्च शिक्षा क्षेत्र अहिले कहाली लाग्दो अवस्थामा पुगेको छ । बालबालिकाको कलिलो मनोस्थितिमा १२ कक्षासम्म नेपालमा पढ्ने हो त्यसपछि विदेश जाने हो भन्ने मनोविज्ञान विकास भएको छ । देश निर्माणका लागि वर्तमान र भविष्यमा कुन व्यवसायिक सिपयुक्त मुलुक र समाजप्रति जिम्मेवार र मानवीय भावनयुक्त जनशक्ति उत्पादन गर्ने उच्च शिक्षा दुरा अवस्थामा पुगिसकेको छ । यसले समृद्ध देश निर्माणमा आवश्यक युवा जनशक्ति पलायन हुने र देशमा भएका कलेज र विश्वविद्यालयका कक्षा कोठा खाली रहेको छ । खाली रहेको चिन्ताजनक अवस्था छ । मुलुकको भौतिक, आर्थिक, सामाजिक र शैक्षिक दिगो विकासका लागि कस्तो कस्तो दक्ष भएका कुन कुन विषयमा कति कति सङ्ख्यामा दक्ष जनशक्ति आवश्यक पर्छ भन्ने अध्ययनबिना नै कलेज खोल्ने र विद्यार्थी भर्ना गर्ने अवस्थाले गर्दा देशको उच्च शिक्षा चिन्ताजनक अवस्थामा पुगेको छ ।

नेपालका विश्वविद्यालयहरूले दिने शिक्षाको गुणस्तर कमजोर भएको र शैक्षिक क्यालेन्डर कडाइका साथ पालना नहुँदा चार वर्षमा सकिने कोर्स पूरा गर्न अहिले पाँच, छ वर्ष लाग्ने गरेको छ । अर्कातिर १० र १२ कक्षाबाटै अत्यन्त कम विद्यार्थी उत्तीर्ण हुने र उत्तीर्ण विद्यार्थीहरूलाई विदेश पलायन रोक्ने वातावरण सिर्जना गर्नका लागि नीतिगत तहमै सुधार गर्नका लागि म अध्यक्षमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । शैक्षिक गुणस्तर सुधारका लागि विश्वविद्यालयमा हुने विद्यार्थी, कर्मचारी र प्रध्यापकहरूको राजनीतिक गतिविधिमा प्रतिबन्ध लगाउन पनि म अध्यक्षमार्फत् सरकारको ध्यानकार्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यहाँ कृषि मन्त्री, हाम्रो राष्ट्रिय सभाको कृषि मन्त्री अहिले कृषि मन्त्री हुनुहुन्छ । म उहाँलाई बधाई दिन चाहन्छु । र उहाँ कृषि मन्त्री भएकै कारणले केही किसानका समस्याहरू पनि यहाँ यो सदनसमक्ष पेस गर्ने अनुमति चाहन्छु । नेपाली किसानले खेती गर्न सिजनमा आवश्यक मात्रामा रासायनिक मल पाउन सकेका छैनन् । एकातिर भारतबाट ठुलो मात्रामा खाद्यन्न आयात हुने तर कृषकले खेती लगाउने सिजन भइसक्दा पनि रामायनिक मल पाउन नसक्नुले उत्पादन कम भई नेपाली किसान कृषि पेसाबाट पलायन हुने अवस्था आएको छ । किसानलाई नभई नहुने रासायनिक मल समयमा नपाउँदा सरकार स्वदेशी उत्पादनलाई निरुत्साहित गरी भारतीय कृषि उत्पादनको व्यापार बढाउनका लागिपरेको छ ।

लागिपरेको स्पष्ट छ । किसानलाई आवश्यक उत्पादन, सामग्री, मल, बिउ, बैङ्क, ऋण, रासायनिक मल, इन्सुरेसनको व्यवस्था, कृषकको उत्पादन न्यूनतम समर्थन मूल्य तोक्ने र बजारको ग्यारेन्टी गर्नका लागि म अध्यक्षमार्फत् सरकारको ध्यानाकार्षण गराउन चाहन्छु ।

विभिन्न बालीहरूमा प्राविधिकले सिफारिस गरेको मात्रअनुसार रासायनिक मल प्रयोग गर्नुपर्छ । कृषि अनुसन्धान परिषद्ले अध्ययनअनुसार नेपाललाई करिब १७ लाख मेट्रिक टन रासायनिक मल आवश्यक पर्छ । सरकारले ५० प्रतिशत मात्र उपलब्ध गराउन सक्दा पनि ८, ९ लाख मेट्रिक टन अति आवश्यक हो । अति आवश्यक हो तर कृषि मन्त्रालयको तथ्याङ्कले करिब साढे ४ लाख मेट्रिक टन मात्र आयात गरेको देखिन्छ । मल खरिद तथा वितरण प्रक्रियामा रहेको अपारदर्शिता सिमित मात्रामा आपूर्ति गरिएको, मल पनि किसानलाई सहज रूपमा उपलब्ध नगराई बिचौलियाबाट महङ्गोमा किन्नुपर्ने अवस्था छ । तसर्थ, रासायनिक मलसँग सम्बन्धित सम्पूर्ण समस्या समाधान गरी नेपालमै छिटोभन्दा छिटो रासायनिक मल कारखाना स्थापना गर्न म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यो अत्यन्तै किसानको जटिल समस्या हो । यो मलको सम्बन्धमा पटक पटक यो सदनमा धेरैपटक कुरा उठिसकेको विषय हो । र अहिले हाम्रो यो राष्ट्रिय सभाको कृषि मन्त्री हुनुहुन्छ । उहाँले पक्कै पनि यी किसानका समस्याहरूलाई समाधान गर्नुहुने छ भन्ने हामीले आशा लिएका छौं ।

र अहिले धेरै ठाउँमा चैं जमिनहरू बाँझो छन् । ती बाँझो जमिनहरूलाई पनि किसानलाई सहुलियतमा भए पनि यो बाँझो जमिनलाई उत्पादनमा लगाउनका लागि पनि म कृषि मन्त्रीको पहल हुने छ भन्ने पनि यहाँ भनाइ राख्दै आफ्ना भनाइहरू यहीं अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय अनिता देवकोटा । समय ५ मिनेट । त्यसपछि माननीय गोमा तिमिल्सिना ।

**(१४:०२ बजे) <u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको यो गम्भीरमय सदनमा हामी उपस्थित छौं । संविधानले प्रदत्त गरेको दुईपटकको निर्वाचन नयाँ संविधान आइसकेपछि २०७४ र २०७९ बाट सबै तहका निर्वाचनहरू सम्पन्न भएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने कामहरू भएका छन् । त्यसैले म सम्मानित सदनका माध्यमबाट के निवेदन गर्न चाहन्छु भने सरकार निर्माण भएको छ । सिंहदरबारको अधिकार गाउँ गाउँमा भन्ने नारालाई सार्थकता तुल्याउनको लागि अब, कामहरू

साँच्चै संविधानले प्रदत्त गरेका संघीय लोकतान्त्रिक गणतन्त्रले प्रदत्त गरेका आधारमा हुने छन् भन्ने मलाई विश्वास लागेको छ ।

यो ०७९ को निर्वाचनसँगै राजनीतिक अन्योलता अलिकति रह्यो हिजो गठबन्धन सँगसँगै गएको दलहरू प्रतिपक्षमा बस्ने फेरि प्रतिपक्ष सत्तापक्षमा आउने कुरा रह्यो । अहिले नेपाली काँग्रेस सत्तापक्षमा आएको र अहिले सरकार विस्तार भएको छ मन्त्रिपरिषद्हरू निर्माण हुने क्रम चलिरहेको छ । नयाँ निर्माण भएका सरकारमा रहेका सबै मन्त्रीहरूलाई म हार्दिक बधाई र सफल कार्यकालको शुभकामना दिन चाहन्छु । जनअपेक्षित कार्यहरू गर्न सफल हुनुहोस् । अब शिलान्यासको रिबन मात्र होइन । आयोजनाहरू सम्पन्नताको रिबन काट्न सफल हुनुहोस् भनेर म हार्दिक शुभकामना दिन चाहन्छु । नागरिकलाई केन्द्रविन्दुमा राखेर हरेक कामहरू यो सरकार हाम्रो सरकार हो । यो सरकार हाम्रो अभिभावक हो भन्ने कुराले काम गर्नुहुने छ भन्ने मलाई विश्वास लागेको छ । र म राष्ट्रियको यो सदनमा उपस्थित हुँदैहुँदा म के निवेदन गर्न चाहन्छु भने देशको अर्थतन्त्र कोभिडबाट थिलु थिलुमा परेको अझ मुलुक लयमा फर्किन सकेको छैन । हामी हिजो भन्यौं कोभिडबाट आक्रान्त त्यो मुलुक हिजो विदेशिएका युवाहरू स्वदेशमा फर्किंदै गर्दा अब, ती युवाहरूलाई स्वदेशमै कसरी रोजगारीमा केन्द्रित गर्न सकिन्छ, कसरी व्यवसायिकमा केन्द्रित गर्न सकिन्छ । आफ्नै मुलुकमा कसरी बसाल्न सकिन्छ भन्ने कुराहरू त्यो योजनाका रूपमा अगाडि आउनुपर्छ भनेर हामीले भनिरह्यौं तर त्यो अवस्था सिर्जना हुन सकेन । न त युवाहरूलाई कृषिमा जोड्न सकियो, न त पर्यटनमा जोड्न सकियो न त उद्योगमा जोड्न सकियो । यही फागुन महिनामा मात्रै रेकर्डमा उल्लेख छ । ६३ हजार नयाँ र गएकाहरूको अभिलेखहरू बाहिरिएको अभिलेखहरू प्राप्त छ । त्यसैले युवाहरू विदेश अलायन हुने अवस्था अत्यन्त बढेर आएको छ ।

म यहाँ मेरो अगाडि कृषिमन्त्री हुनुहुन्छ । हरेक पार्टीहरूले आफ्ना घोषणापत्रमा हरेक निर्वाचनमा कृषिलाई या यान्त्रिकसँग जोड्ने, बिउ बिजन, मल र सिँचाइहरूको सुप्रबन्धहरू व्यवस्थित गर्ने भनेर आफ्ना घोषणापत्रहरूमा हुन्छन् । तर जब सरकार निर्माण हुन्छ । अनि वर्षात्को समय आउँछ । न त कृषकहरूले मल प्राप्त गर्न सक्छन्, न त बिउ पाउन सक्छन्, न त खेतीलाई चाहिने सिँचाइका सुप्रबन्धहरू हुन सक्छन् । यस्तो किन कृषिमन्त्रीज्यू हुनुहुन्छ । म निवेदन गर्न चाहन्छु । अवसर एकपटक आउँछ । त्यसैले म अनुरोध गर्न चाहन्छु अब वर्षात् लाग्ने बेला आउँदै छ । मलको लागि के प्रबन्धहरू भएका छन्? हामीले हाम्रा घोषणापत्रहरूमा अहिले त मल कारखाना खोल्ने, कहिले त समयमै मल उपलब्ध गराउने भनेर भन्ने गर्छौं र तर समयमै मल बिउ बिजनको सुप्रबन्ध हुन सक्तैन ।

त्यसैले म कृषिमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु । समयमै अब वर्षात्मा जुन खेती गर्ने किसानहरूलाई समयमै मल बिउ बिजन र सिँचाइको सुप्रबन्ध गरेर ओहो! यो कृषिमन्त्री साँच्चै कृषिको लागि उत्पादनको लागि मुलुकमै उत्पादन गर्न र आत्मनिर्भर गराउनको लागि प्रोत्साहित गर्नको लागि नयाँ योजनाका साथ अगाडि बढ्नुभो' भनेर वाह! वाह! कमाउने यो बेला आएको छ । अझ समय छ । त्यसैले वहाँ यहाँ भर्खरै सपथ खानुभएको छ । अहिले नै के के काम गरिसक्नुभयो भन्ने कुराहरू छैन । योजनाबद्ध प्लानिङका हिसाबले मल, बिउ, बिजनहरूका कुराहरूलाई गर्नुहोस् र अहिले पनि भारतबाट आयातित हामी फलफूलहरू तरकारीहरू विषादीयुक्त खान विवश छौं । त्यसलाई परीक्षण गर्ने विषादीयुक्त तरकारी र फलफूलहरू ल्याउन रोक लगाउन र यही स्वदेशमै उत्पादित फलफूल र तरकारीहरू पनि विषादीरहित..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय, माननीय गोमा देवी तिमल्सिना । समय ६ मिनेट । त्यसपछि माननीय रामचन्द्र राई ।

(१४:०८ बजे) **<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यू, आज मैले अलिकति यो बजारमा रहेका बेथितिका बारेमा यहाँ यो सदनमार्फत मैले वर्णन गर्न चाहन्छु । हामीले यो हाम्रो कृषिप्रधान देश हामी पशुपन्छी, दुध, सबै मासु सबै हामीले यहींबाट उत्पादन हुन्छ भनेर भनिराखेका छौं । त्यति भन्दाभन्दै पनि पशुपालक किसानहरूलाई दिने भनेको जुन अनुदान हो । त्यो कृषकहरूले कृषकहरूको हातमा निर्णय सरकारले गर्यो । तर कृषकहरूको हातमा त्यो पर्यो कि परेन? यो मैले जानकारी नपाएरै यहाँ फेरि मैले पर्या जस्तो लागेन र मैले यहाँ अभिब्यक्ति गरें ।

अब कृषकहरूले यसरी सुविधा पाउने भनेको कुरा नपाउने । बिचौलियाहरूले पूरै पन्ध्र पसेन्ट बढाएर, पन्ध्र प्रतिशत बढाएर दुध बजारमा बेचेका छन् । अनि त्यो दुध पनि यस्तो छ खान लाएक छैन । त्यो दुध घरमा ल्याएर तताउँदाखेरि पूरै घरमै दुर्गन्ध हुन्छ र त्यो बच्चा बच्ची र विरामीले पनि खान नसक्ने अवस्था छ । अब यस्तो विषाक्त मिसिएका दुध, ध्यु, दही खायौं भने हामी सबै यो क्यान्सर पीडित हुनको कारण यो पनि हो भन्ने मलाई लागेको छ । यसलाई अनुगमन गरेर जो जहाँ गल्ती भेटिन्छ । ती गल्ती गर्नेहरूलाई कडाभन्दा कडा

कारबाहीको दायरामा ल्याउनुपर्छ भन्ने कुरा म अध्यक्षज्यूमार्फत सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

यस्तै अचेल हामी कति सोखिन भएका छौं । हामी घरमा चिसो पानी खाँदैनौं तर हामी के खान्छौं । हामी बोतलको चिसो फ्रिजमा राखेको अनि यो कोक, फ्यान्टा आदि, इत्यादि । अस्ति मात्रै एक जना बालक हस्पिटलमा भर्ना भएका छन् । ती बालक के कारणले भर्ना भए त भन्दाखेरि उनको अभिभावकले भनिराखेका छन् । त्यो डिउको बोतल अगाडि राखेर यो कसैले नखानुहोला यसमा विषाक्त भएको कारणले मैले छोरो अहिले धन्न बचाउनसम्म सकें भनेर ती अभिभावकले अभिव्यक्ति गरिरहनुभ'को छ ।

अब यस्तो उत्पादन गर्ने जुन चिसो पदार्थ उत्पादन गर्ने कलकारखानाहरूलाई पनि एउटा विज्ञसहितको टोली लिएर गएर त्यहाँ छापा मार्नुपर्यो र यदि गल्ती भेटिन्छ भने त्यस्तो उद्योगलाई नै बन्द गर्ने जरिबाना मात्रै हैन । बन्दै गर्ने पनि स्थिति बनाउनुपर्छ भन्ने कुराहरू पनि म यहाँ राख्न चाहन्छु ।

अब यसरी हरेक कुरामा विषाक्त भेटिन्छ । अनि हामी चुप लाग्छौं । विषाक्त भयो, आज यस्तो भो, के रे फुड पोइजन भयो भन्छौं चुप लाग्छौं । त्यसलाई निराकरण कसरी गर्ने भन्ने कुरामा हामी खास अगाडि बढ्या जस्तो मलाई लाग्दैन । अब बजारमा मूल्य पनि एक रूपता छैन । मूल्य यो पसलमा एउटा, त्यो पसलमा एउटा, त्यो पसलमा एउटा छ । यो मूल्य निर्धारण गर्ने पनि एउटा थिति बसाउनुपर्यो र त्यसलाई पनि मूल्य तोकिएका मूल्यभन्दा बढाएर लियो भने त्यसलाई कारबाहीको दायरामा ल्याउने पनि योजना बनोस् भन्ने कुराहरू म भन्न चाहन्छु ।

आज हामी यो दुध र बजारको मूल्यबृद्धि मात्रै होइन बजारबाट किनेर ल्याएर खा'का सागपात, तिहुन, तरकारी सबै कुरा फलफूल आज हामी सबै विषाक्त खाइरहेका छौं । ती विषाक्त खाने कुराले हामीलाई क्यान्सरको पीडित बनाएको छ र पारिबाट ल्याउछौं । अनि हामी आफ्नै बारीमा उत्पादन गरे पनि विषाक्त चिज नराखीकन त्यो तरकारी राम्रो हुँदैन ।

अब हामीले प्राङ्गारिक मल उत्पादन गर्नको लागि पनि योजना बनाएर लाग्नुपर्छ भन्ने कुराहरू म यहाँहरूसमक्ष राख्न चाहन्छु । महङ्गी यति बेला जनताले केही चाहेका छैनन् । महङ्गी नियन्त्रण होस्, भ्रष्टाचार नियन्त्रण होस् । जनताले सुखका साथ श्वास गर्न पाओस् । अन्यायको विरुद्धमा न्याय पाओस् । जनताले चाहेको कुरा यो हो । बेरोजगारीहरूले रोजगारी पाउन् जनताले यही कुरा चाहेका छन् । तर हामी सबै कुरा आज जमिन पनि बाँझा छन् ।

अनि हामी विदेश पलायन भ'का छौं । अनि हामी मल बिउ समयमा पाउँदैनौं । यसले पनि हामीलाई धेरै पीडा बोध गराएको छ । यति बेला हाम्रो हामीले पाएका छौं, हामीले यसै सदनबाट कृषि, पशुपन्छी, कृषि विकास मन्त्रालयको मन्त्रीज्यूलाई हामीले पाएका छौं । यस विषयमा मल, बिउ यो बाँझा जमिन तिर्खाएर बसेका जमिनहरूलाई पनि हराभरा बनाउने र यो प्लटिङका कुराहरू टुक्रा टुक्रा बनाएर जुन गिट्टी, बालुवा थुपारेर हामीले चामल बाहिरबाट आयात गर्न पर्ने कोदो, गहुँ, मकै बाहिरबाट ल्याउनुपर्ने कुराको पनि अन्त्य गर्नको लागि योजना बनोस् । उहाँले योजना बनाउनुहुने छ । र पक्कै पनि सबैले यहाँ कुरा पनि उठाउनुभा' छ । सबैले वास्तवमै यो मन्त्रालयले एकदमै राम्रो काम गर्यो भन्ने कुरा पाउने छ भन्ने कुराहरू म आशावादी छु । यहाँ सूचना मन्त्री पनि यही हुनुहुन्छ । उहाँले पनि राम्रा कामलाई अत्यन्तै मिठोसँग प्रचार गर्ने र नराम्रा काम यो नचाहिँदा बिथिति विकृतिका कुराहरूलाई नियन्त्रण गर्ने काम ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय रामचन्द्र राई । समय १० मिनेट । त्यसपछि माननीय सुरेश आलेमगर ।

(१४:१५ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, पुस २५ देखि १३ औं अधिवेशन सुरु भयो । आज चैत्र २१, यसको अर्थ ३ महिना गुज्रिन लाग्यो । यो ३ महिनाको समयमा हामीले १५ ओटा बैठक आज बस्दै छौं । सरकारले तयारी गर्न नभ्याएको भए । सदन अफ गरोस् । र आफ्ना तयारी गरोस् । आफ्ना पार्टनर पार्टीहरूसित सरसल्लाह गरोस् र मुलुकका जनताको अपेक्षाअनुसार आवश्यक पर्ने हामीले तयारी गरिरहेको यी ऐनहरूलाई सदनमा ल्याओस् र पास गरेर जनताको सेवामा लागोस् । अन्यथा अहिले जनता भनिरहेका छन् । के हामीले पठाएको सांसदहरू भत्ता खान गएका हुन? ऐन कानुन बनाउँदैनन् । के गरिरहेका छन् भनेर भनिरहेका छन् । यो गठनबन्धनको सरकारले तपाईंहरूको भित्रको बिचको विवादले मिल्न नसकेको कुराले हामी आम प्रतिनिधिहरूले दोष दोषी हुनुपर्दैन । दोषी नबनाइयोस् । यो कामको हेक्का राखोस् सरकारले म अध्यक्षज्यूमार्फत सरकारलाई अनुरोध गर्न चाहन्छु । कि सदन अफ गरोस् । हैन भने पछिलाई जनअपेक्षाअनुसार यसले सदनको कामलाई सदनलाई व्यवस्थित बिजनेस दिएर सदनलाई निरन्तरता दिओस् ।

मैले यतिखेर यतिखेर धेरै कामहरू छन् । हामीले ऐनहरू नभएको कारणले गर्दा ILO 169 लाई कार्यान्वयन गर्न सकेका छैनौं । मानवअधिकारलाई कार्यान्वयन गर्न सकेका छैनौं ।

..... विषयहरूलाई उठाइएका विषयहरू स्विकारिएका विषयहरूलाई महिलाहरूका बिचमा काम गर्न सकिरहेका छैनौं । यति खेर सरकार चुप्प लागेर बसिरहेको छ कामविहीन भएर बसिरहेको छ । यो ILO 169 सीड मानवअधिकार जसलाई कानुनका कमीका कारणले गर्दा कार्यान्वयन गर्न सकिएन भनिएको छ । यो काम किन नगरेको? कसले गर्ने? सरकार के गर्ने? म अनुरोध गर्न चाहन्छु । यी थाति रहेका विषयहरूलाई फास्ट ट्र्याकमा अरू चिज के के आउँछ क्यारे । फास्ट ट्र्याकमा यी जरुरी सरकारका विषयहरू आउनुपर्यो । सरकारको स्वार्थ बाझिएका चिजहरू, स्वार्थ भएका कुराहरू मात्रै फास्ट ट्र्याकमा नआओस् । जनताको स्वार्थ बाझिएको कुराहरू फास्ट ट्र्याक आओस् न । हामी सहर्ष स्वीकार छ । जनताले वाहि! वाहि! नै गर्छन् । कि यो कुरातर्फ ध्यान गएको छैन । सरकारको मलाई ताजुब लागेको छ । मलाई अनुरोध गर्न चाहन्छु । सरकारले यस विषयमा समयमा सोचोस् ।

अहिले फेरि हामीले, कोरोनाले हाम्रो अर्थतन्त्र थिलो थिलो भ'को छ भनिन्छ । नेपालको निश्चित रूपमा भ'को छ । फेरि कोरोना दैनिक रूपमा बढ्दै गरेको सूचना हामीले सुनिरहेका छौं । सरकारले यसलाई बेलैमा नियन्त्रण गर्ने र यसलाई पूर्वतयारी गर्ने । यसलाई नियन्त्रण गर्ने पूर्वतयारीको अवस्था के छ? सरकारले हामीलाई जवाफ दियोस् । कम्तीमा पनि नेपाल नागरिकका छोराछोरीहरू यो रोगबाट यो माहामारीबाट मर्न नपरोस् । त्रसित भएर म आज पो आज पो सङ्क्रमित हुन्छु कि भोलि पो सङ्क्रमित हुन्छु कि । म सहरमा निस्किनै हुन्न कि भनेर त्राहिमाम भएर बस्न नपरोस् । म सरकारलाई अध्यक्षज्यूमार्फत सरकारलाई अनुरोध गर्न चाहन्छु । कि कोरोना सङ्क्रमण बढिरहेको छ । यो विषयमा सरकार के गरिरहेको छ? सदनलाई जानकारी गराओस् ।

जनता अहिले धेरै कुराको अपेक्षा गर्दैन । अहिले मूल रूपमा धेरै कुरा यसका आवश्यकहरू छन् । मूल रूपमा दुइटा कुरा पेचिलो ढङ्गले जनता उठाइरहेका छन् । त्यो सुशासनको विषय हो । र नेपालमा भएको अहिलेको अर्थतन्त्र, आर्थिक अवस्था, यो आर्थिक अवस्थाबाट साँच्चै समाज आक्रान्त छ । उद्योग व्यवसायी, हामी दैनिक जिविको गर्ने जनताहरू आक्रान्त छ । यसले यति त गर्दियोस् कम्तीमा, यो अर्थतन्त्रको दिशा सकारात्मक दिशातिर सोधियो हइ अब भन्ने बनाओस् । जनताहरू आफ्ना काम लिएर सरकारी अड्डाहरूमा जाँदा कम्तीमा पनि उसले नेताको सिफारिस नखोजोस् । कम्ती पनि नभए अहिले के छ के जनताले के त्यो जनताले टेबुल मुनिबाट पैसा दिनुपर्छ । वा बेलुका खाजा खुवाउनुपर्छ वा अर्को कुनै पहुँच भएको नेताले ए फलानो मान्छे आ' छ त्यसको काम गर्दियो हइ भनेर भन्न पर्छ ।

(१४:२१ बजे) **पुनः पीठासीनः**- सम्मानननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**मानननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- जनताले यही दिन हेर्नका लागि । यही ..... खप्नका लागि यो लोकतान्त्रिक गणतन्त्र आ'को हो । जनताले त्यो रगत पनिसा बगाको हो? आन्दोलन गरेकै पार्टीहरू लामो इतिहास बोकेको राजनीतिक इतिहास बोकेका पार्टीहरूले सत्ता सञ्चालन गरिरहेको छ ।

म अनुरोध गर्न चाहन्छु कम्तीमा पनि कम्तीमा पनि जनताले सुशासन पाओस् । जनताले नेता गुहार्न नपरोस्, कि मेरो काम नागरिकताको कुरा होला । जग्गा पासका कुरा होला वा अरू विदेश जाने कुरा होला वा अरू के के कुरा होला । यी कुरामा कम्तीमा पनि सिफारिस, नेताको सिफारिस नचाहिने बनाओस् । वा उसलाई नजरानाबापत टेबुल मुनिबाट अर्को केही पैसा दिने स्थितिबाट मुक्त बनाओस् । सरकार के हेरिरहेको छ मलाई थाहा छैन । गर्नुहुन्थ्यो कि हुँदैन थियो । मलाई त्यो पनि थाहा छैन ।

एमसीसी पास गर्नुहुन्न भनेर ककसले कसैले ४ भञ्याङ कटाउनु भने । कसैले कुनै किमतमा हुँदैन भनेर कुर्ली कुर्ली भाषण गरे । तर पास भो' गर्नुपर्थ्यो कि पर्दैन थियो । यो भविष्यमा विभेचना गरौंला । यसको मूल्याङ्कन यस समीक्षा गरौंला तर भैसकेको छ । अब त्यो एमसीसी, पास भैसकेको एमसीसी सम्झौता कार्यान्वयन गर्नुपर्छ कि पर्दैन । एमसीसीको एमसीएले कार्यान्वयन गर्ने त्यो जङ्गलको अनुमति जङ्गल काट्ने अनुमति त्यो लाइन गाड्ने ठाउँमा पर्ने जमिनको (के भन्छ) मुआब्जा अनि त्यो लाइन तानिएको तपट्टिको मुआब्जा नदिएको कारणले गर्दाखेरि उसले काम अगाडि बढाउन सकिरहेको छैन भदौदेखि उसको पाँच वर्ष, आउँदो भदौदेखि उसको पाँच वर्ष काउन डाउन हुन्छ । त्यो पाँच वर्षभित्रमा यो काम सम्पन्न गरिएन भने पास गर्नेहरूले भनेको यसले चार चाँदै लाग्छ भनेको कुरा त फेरि खरीपाटी हुन्छ । त्यसकारणले म सरकारसित अनुरोध गर्छु । कम्तीमा पनि यो कामलाई सजिलोसित गर्न सकोस् । पाँच वर्षमा यसले पूरा गर्न सकोस् । पाँच वर्षमा पूरा गर्नको लागि पूर्वतयारी गर्न पर्ने कुराहरू भदौभन्दा अगाडि नै त्यो मुआब्जाका कुरा त्यो जङ्गलका कुरा गरोस् । अहिले पनि लप्सीफेदीमा लिएको ३९८ जग्गामध्ये ७ रोपनीको अदालतमा छ । यद्यपि अदालतमा भएको कुरा अदालतले फाइनल गर्ला । ३९१ रोपनी उसको स्वमित्त्वमा आइसकेको छ भने ७ रोपनी चाहिँ अहिले पनि अदालतमा मुद्दा छ । अब यो अदालतको बारेमा बोल्नुहुँदैन होला । मलाई थाहा छैन । बोल्दिनँ मैले । सरकारले नै कुरा गरेर त्यो ७ रोपनी टुङ्ग्याएर त्यहाँ त्यो सब स्टेनस बनाएको कुरामा सहजीकरण गरोस् ।

अब अहिले हामी, हामीले भनिरहेको सुशासनको कुरा हामीले भनिरहेको अर्थतन्त्रको कुरा अहिले दिन प्रतिदिन मिटरब्याज पीडितहरूले सडक अवरुद्ध गरिरा' छन् आफ्नो पीडा पोखिरहेका छन् । हामी सुनिरहेका छौं । त्यसै गरी लघुवत्तको बाट डामिएका मान्छेहरू पनि सडकमा रोइ कराइगरिरहेका छन् । त्यसै गरी बैङ्कले आफू चाहिँ अरबौं अरबौं रुपियाँ कमाउने अनि यस्तो अवस्थामा पनि ऊ ब्याज बेस्करी असुल्ने गरी जुन नीति बना'को छ बैङ्कले यसलाई नियन्त्रण गर्न कि सक्दैन सरकारले । वार्षिक रूपमा सुनिन्छ धेरै अर्ब खर्ब चाहिँ फलानो फलानो बैङ्कले कमायो भनेर सुनिन्छ । तर उद्योग व्यवसायीहरूले काम गर्न नसकेर समस्या परेको छ । त्यो ब्याज दरले पनि समस्या पारेको छ । त्योबारेमा किन सरकार हेरिरहेको छैन ।

सरकार, सरकार अहिले एक सय पूरा गर्यो । सय दिन पूरा गरिसक्दाखेरि यसले निकै गरेछ भनेर लाग्छ मलाई के के गरेछ भने यो के रे नक्कली भुटानी शरणार्थी बनाएर केही पैसाको लेनदेनमा गरेर अमेरिका पठाउने चलखेल गरेको छ । अनिखेर दूर सञ्चार ऐन संशोधन गर्न बनेको २०७९ को संशोधन प्रस्तावलाई फेरबदल गरेर त्यो त्यो तसले त्यो (एकै मिनेट मैले थप चाहें) त्यो सेवाप्रतिको एनसेललगायतका सञ्चारगृहहरूलाई निश्चित समयपछि सरकारको स्वामित्त्वमा आउँछ भनेको त्यो कुरालाई चेन्ज गरेर अहिले फेरबदल गरेर के गर्दै छ रे भने २०५३ को दफा ३३ को व्यवस्थालाई ०७९ को मस्यौदामा ४२ मा राखेर केही चलखेल भैर'को छ । किन गरेको थाहा छैन । मैले राम्रै काम गरेछ नि नक्कली शरणार्थी बाहिर पठाएर अलि अलि आर्थिक लाभ गर्ने ।

अब मैले अन्त्यमा कुरा अरू धेरै छन् समय सकियो । अन्त्यमा एउटा कुरा भन्छु सरकार १० दलको छ । मैले सुनेको १० दल हैन अब ९ दल मात्रै बाँकी छ । मैले म ८/९ क्लासमा पढ्दाखेरि बजारमा आ'को थिएँ । एउटा थिएटरमा थिएटर हेर्दै थिएँ । केही पुतलीहरू नाच्दै थिए । कोही अगाडि बढ्दै थियो कोही पछाडि आउँदै थियो । कोही अगाडि, कोही हान्दै थियो, कोही छेक्दै थिए । अनि एकछिनपछि मैले यो के भएको रैछ म सानो मान्छे के भएछ भनेर हेरेको माथिबाट साइटबाट ३/४ ओटा हातहरूले त्यो पुतलीलाई नचाइरहेको रैछ एउटाले एउटा अम्ला स्याट्ट सुताइदिँदा लड्दो रहिछ । पछाडि जाँदो रहिछ । अर्कोले अर्को हात झिक्दिदो अर्को लड्दो रहिछ अर्को पछाडि जाँदो रहिछ त्यसो नहोस् । मैले सरकारलाई यही आग्रह गरें । यो कठपुतली अलि सोधें । त्यो चाहिँ कठपुतलीको खेल हो रे भनेर भन्ने त्यस्तो नहोस् । त्यस्तो आशङ्काबाट सरकार मुक्त रहोस् । मेरो शुभेच्छा छ । धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्षः**- माननीय सुरेश कुमार आलेमगर । समय ७ मिनेट ।

(१४:२७ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम हाम्रो पार्टीका आदरणीय अध्यक्ष कमरेड सम्माननीय प्रधानमन्त्रीज्यू "प्रचण्ड"को नेतृत्वमा पुर्गठित मन्त्रिमण्डलमा हाम्रो राष्ट्रिय सभाका माननीय सदस्य डक्टर बेदुराम भुसाल कृषि तथा पशुपन्छी मन्त्री नियुक्ति हुनुभएकोमा उहाँलाई अन्य सम्पूर्ण मन्त्रीहरूलाई हार्दिक बधाई दिन चाहन्छु । र उहाँहरूको सफल तथा उपलब्धिमूलक कार्यकालको लागि पनि शुभकामना दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यति बेलामा हामी यो गौरवमय राष्ट्रिय सभाको बैठकमा छौं । तर एक नम्बर प्रदेश आक्रान्त छ । एक नम्बर प्रदेश असान्त छ । एक नम्बर प्रदेश आन्दोलित छ । त्यसको एक मात्र कारण हो । त्यहाँ निरङ्कुश, तानाशाही, पञ्चायती व्यवस्थाको निर्दलीय पञ्चायती व्यवस्थाको कोशी प्रदेश, कोशी अञ्चलको भूतलाई ब्युँताएर कोशी प्रदेश नामाकरण गरियो । फेरि नदीको नाममा एउटा प्रेदशको नामाकरण गरियो ।

सम्माननीय अध्यक्ष महोदय, परिवर्तन, पहिचान जनाताले खोजेका थिए । उत्पीडित जनताले खोजेका थिए । अन्यायमा परेका विभेदमा परेका बहिस्कारणमा परेका जनताले खोजेका थिए । यस अर्थमा आदिवासी जनजाति, दलित मधेशी महिलाहरूले खोजेका थिए । खोलानालाले खोजेका थिएनन् । डाँडाकाँडाले खोजेका थिएनन् । हिमाल, पर्वतले खोजेका थिएनन् । तर पनि पञ्चायती व्यवस्थाका भूतहरूले फेरि ब्युँताउँदै बागमती अञ्चललाई बागमती प्रदेश, गण्डकी अञ्चललाई गण्डकी प्रदेश, त्यसै गरी लुम्बिनी अञ्चललाई लुम्बिनी प्रदेश बनाइयो । यसैकारण एक नम्बर प्रदेशका साहसी जनताले बहादुरीपूर्वक आन्दोलन गरिरहेका छन् । यो आन्दोलनप्रति म पूर्ण समर्थन व्यक्त गर्न चाहन्छु । र एक्यबद्धता जाहेर गर्न चाहन्छु । र आन्दोलनकारी सबैलाई लालसलाम भन्न चाहन्छु । सलुट गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यो आन्दोलनका क्रममा पदम लिम्बु लाजेहाङको मृत्यु भएको छ । यो आन्दोलनको क्रममा उहाँको मृत्यु भएको छ । पहिचानको आन्दोलनको एउटा आदरणीय सहिद हुनुभएको छ । उहाँप्रति म हामर्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र उहाँका शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु ।

कोशी, सायद धेरैलाई थाहा छैन होला । कोशी नेपालमा कतै छैन । कोशी जहाँ छ सात ओटा नदीहरू मिल्छन् । ..... त्योभन्दा माथि अरुण, तमोर आदि, इत्यादि इन्द्रावती, लिखु आदि, इत्यादि छन् । जहाँ ती नदीहरू मिलेर बग्छन् । त्यो सप्तकोशी हो कोशी होइन ।

कोशी त भारतमा छ । तर त्यो भारतको नाम लिएर भारतको नाममा बग्ने नदीको नाममा यहाँ एउटा प्रदेश नामाकरण गरियो । यसले समस्याको सृजना गर्यो । सम्माननीय अध्यक्ष महोदय, त्यसकारणले यो प्रदेशको नामाकरण खारेज गरिनुपर्दछ । र पहिचानजनित उत्पीडित जनताले मागेका उनीहरूले सङ्घर्ष गरेका बलिदानी दिएका जुन उद्देश्यका लागि दिएका त्यसका आधारमा नामाकरण गरिनुपर्दछ भन्ने जोडदार माग गर्न चाहन्छु ।

मलाई बढो आश्चर्य लाग्छ । थुप्रै थुप्रै परिवर्तनहरू यो देशमा भए सम्माननीय अध्यक्ष महोदय, तर चिन्तन् हाम्रो अझै पनि प्रतिगामी छ, पस्सगामी छ । यो देशमा व्यक्ति त थुप्रै बदलिसके थुप्रै व्यक्ति प्रधानमन्त्री भए, मन्त्री भए मै जस्तो और गैरे नथु खैरे सीसीपी यानी कि चान्चुने पर्सन पनि राष्ट्रिय सभाको सदस्य भइसकेको छु । संविधान सभाको सदस्य, २०६४ सालमा भएका थिएँ । निर्दलीय व्यवस्था गएर बहुदलीय व्यवस्था आइसक्यो एकात्मक प्रणाली गएर सङ्घीय प्रणाली आयो र राजतन्त्र ढालेर गणतन्त्र आइसक्यो । तर हाम्रो मानसिकता दुई तीनओटा चिजहरू कहिले पनि बदलिएन सम्माननीय अध्यक्ष महोदय, त्यो हो जातीय हिसाबबाट सामन्ति ब्रह्मणवादी, जातीय एकाधिकारवादी, जातीय प्रभुत्ववादी प्रभुत्व मानसिकतावादी प्रवृत्ति लैङ्गिक हिसाबबाट पुरुषवादी जसमा म पनि पर्दछु । लैङ्गिक हिसाबबाट पुरुषवादी मानसिकता प्रवृत्ति वर्चस्व अनि भौगोलिक हिसाबबाट पहाडिया अङ्कारवादी प्रवृति वर्चस्व मानसिकता यो कहिले बदलिएन । यसै कारणले नेपालको प्रगति भएन ।

१९५० को दशक, १९५० को दशकमा १९५० को दशकमा हामी जस्तै आर्थिक अवस्था रहेको दक्षिण कोरिया यति बेला आर्थिक सुपर पावरको आर्थिक महाशक्ति बनिसक्यो । तर हामी भने झन तल, झन तल जाँदै छौं । यसको एक मात्र कारण मलाई के लाग्छ भने सम्माननीय अध्यक्ष महोदय, यही हो यो मानसिकता यो प्रवृत्ति कहिल्यै बदलिएन । यो एक थरीको वर्चस्व यो कहिले बदलिएन । त्यसकारणले यो स्थिति रह्यो । निरङ्कुश, तानासाही, पञ्चायती व्यवस्थाले भनेको राष्ट्र भाषा, अहिले पनि राष्ट्र भाषा । निरङ्कुश, तानासाही, निर्दलीय व्यवस्थाले भनेको पोशाक, अहिले पनि राष्ट्रिय पोशाक, यद्दपि म दौरा सुरुवालको विपक्षमा छैन । त्यो पनि नेपाली जनताले लगाउने पोशाकै हो तर एउटा पोशाक दौउरा सुरुवाल राष्ट्रिय पोशाक, धोती कुर्था के अराष्ट्रिय पोशाक? मैले लगाउने अराष्ट्रिय पोशाक? हिमालीहरूले लगाउने बख्खु अराष्ट्रिय पोशाक? मेरो आपत्ति त्यहाँनिर हो? सम्माननीय अध्यक्ष महोदय, यस्ता यस्तो जो प्रवृति छन् । यो कहिले पनि बदलिएन । हो, यो प्रवृति यो मानसिकता बदल्न जरुरी छ । सम्माननीय अध्यक्ष महोदय, र यो प्रवृति जबसम्म बदलिँदैन नेपालले विकास गर्छ जस्तो मलाई लाग्दैन । जहाँसम्म नामाकरणको सवाल छ । यो नामाकरण जातीय पहिचानको आधारमा

भाषाको पहिचानको आधारमा भारतमै छ । 'तमिलनाडु' तमिल भाषामा नाडु भनेको होम ल्यान्ड, घर, तमिलनाडु, नागा ल्यान्ड, पाकिस्तानमा बडुचिस्तान स्थान अफ द बडुच । स्टकहरूको जमिन स्टक ल्यान्ड यो छ त । नेपालमा के फरक पर्यो? सम्माननीय अध्यक्ष महोदय, त्यसैले यी कुराहरू ध्यान दिनुपर्ने हुन्छ ।

र यहाँ श्रीलङ्का र रुवान्डाको कुरा गरिन्छ । श्रीलङ्का, श्रीलङ्का किन भयो? श्रीलङ्कामा बहुसङ्ख्यक सिंहालीले राज्यसत्तामा कब्जा जमाएर तमिलहरूमाथि दमन गर्दा त्यहाँ त्यस्तै भयो । त्यसै गरी अल्पसङ्ख्यक पन्ध्र प्रतिशतले रुवान्डामा सत्ता कब्जा जमाएर सब लाग्दा त्यहाँ त्यस्तो समस्या भयो । यहाँ त्यस्तो नहोस् । यहाँ केही डेढ अक्कलीहरूले प्रचण्डले जाति पातिको विभेद गर्यो भनेर ल्यायो । त्यस्तो होइन । प्रचण्ड कमरेडले त झन उत्पीडत जनतालाई अधिकारले सक्षम बनाउनको लागि यो कुरा ल्याउनुभा'को थियो । तर ती डेढ अक्कलीहरूको दिमाखमा यो कुरा पचेन । र मलाई के लाग्छ भन्दाखेरि अझै यो पच्दैन भने नेपाललाई तिनीहरूले बिस्तारै बिस्तारै गृह युद्धतर्फ जातीय युद्धतर्फ लैजाँदै छन् । त्यो अन्त्य गर्नका लागि देश जातीय युद्धको भुमरीमा नफसोस् भनेर हाम्रो आदरणीय अध्यक्ष कमरेड प्रचण्डले यी कुरा ल्याउनुभा'को थियो । यो कुरालाई ध्यानमा राख्दै हामी अगाडि बढ्नुपर्ने हुन्छ ।

र अन्त्यमा म फेरि पनि जोडदार रूपमा के भन्न चाहन्छु भने पहिचान खोलानालाले, डाँडाकाडाँले, हिमाल, पर्वतले मागेको होइन । पहिचन, अधिकार जनताले मागेका हुन् । त्यसलाई सम्बोधन गरियोस् । ..... (समय सकिएको) ।

(१४:३४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को गठनसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

विषयः मन्त्रिपरिषद्को गठन सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा मिति २०७९/०९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको

संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०७९/१२/१७ गते देहायबमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति, हेरफेर र कार्यविभाजनसमेत गर्नुभएको बेहोरा अनुरोध गर्दछु ।

| नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|
| श्री पुष्पकमल दाहाल "प्रचण्ड" | प्रधानमन्त्री | कानुन, न्याय तथा संसदीय मामिला; परराष्ट्र; युवा तथा खेलकुद; वन तथा वातावरण; स्वास्थ्य तथा जनसङ्ख्या र खानेपानी |
| श्री पूर्णबहादुर खड्का | उपप्रधानमन्त्री | रक्षा |
| श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | गृह |
| डा. बेदुराम भुसाल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| श्री अशोककुमार राई | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| श्री शरतसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| डा. प्रकाशशरण महत | मन्त्री | अर्थ |
| श्री महिन्द्र राय यादव | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| श्री शक्तिबहादुर बस्नेत | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| श्री रेखा शर्मा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| श्री सुदन किराती | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| श्री अमनलाल मोदी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| श्री प्रकाश ज्वाला | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| श्री रञ्जिता श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| श्री रमेश रिजाल | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| श्री सिता गुरुङ्ग | मन्त्री | शहरी विकास |
| श्री सुशिला सिर्पाली ठकुरी | राज्यमन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |

(यादवप्रसाद कोइराला)
सचिव
२०७९/१२/१७

माननीय सदस्यहरू, माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डक्टर बेदुराम भुसालले समसामायिक विषयमा बोल्नका लागि समयम माग गर्नुभएको छ । म उहाँलाई समय उपलब्ध गराउँछु ।

(१४:३७ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**:- सर्वप्रथम त समयको लागि धन्यवाद दिन चाहन्छु । अध्यक्ष महोदय, राजनीतिमा संलग्न भएको ५३ वर्षपछि अहिले म यो मुलुकको एउटा मन्त्रालयको नेतृत्व सम्हाल्ने ठाउँमा पुगेको छु । मलाई यहाँ पुगोस् भनेर सुभेक्षा राख्नुहुने र पुगिसकेपछि धन्यवाद, बधाई दिनुहुने सम्पूर्ण महानुभावहरूलाई हार्दिक आभार, धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

म जुन मन्त्रालयमा पुगेको छु । यो मन्त्रालय जनताको जीवनसँग प्रत्यक्ष रूपले जोडिएको मन्त्रालय हो । जसका बारेमा हामी सबै जानकार छौं भन्ने मलाई लाग्छ । भर्खरै पनि केही माननीयज्यूले त्यस मन्त्रालयका समस्याको बारेमा बोल्नुभ'को छ । त्यति मात्रै हैन यो मन्त्रालय हाम्रो अर्थतन्त्रको मेरुदण्ड कै रूपमा रहेको कृषि क्षेत्रमा काम गर्ने मन्त्रालय पनि हो । त्यसै कारणले यसको ठुलो महत्त्व छ भन्ने लाग्छ । तर त्यहाँभित्र थुप्रै जटिलताहरू रहेछन् । थुप्रै समस्याहरू रहेछन् । म त्यहाँ पुगेको धेरै दिन त भा'को छैन । केही दिनमा मैले बुझ्दा धेरै समस्याहरू छन् । ती मध्ये पनि केही समस्याहरू प्रमुख समस्याका रूपमा रहेका छन् । खास गरिकन भर्खरै पनि माननीयज्यूहरूले प्रकाश पार्नुभा'को छ । मलको समयमा आपूर्ति नहुने समस्या ती सबैभन्दा ठुलो ससमस्याको रूपमा रहेको छ । चर्चा हामीले विभिन्न हिसाबले गर्छौं । मल कारखानाका पनि चर्चा गर्छौं, हर हिसाबले पनि चर्चा गर्छौं तर काम चाहिँ हुन सकेको छैन । यो समस्याको समाधान कसरी गर्न सकिएला? यो प्रश्न एउटा ठुलो प्रश्नको रूपमा खडा भएको छ । त्यसै गरीकन बाँझो जमिन दश लाख हेक्टरभन्दा बढी कृषियोग्य जमिन अहिले बाँझो परिरहेको छ । त्यो जमिनलाई पुनः खेतीयोग्यकै रूपमा प्रयोग गर्ने अथवा त्यो जमिनमा पुनः खेती गर्ने काम चाहिँ कसरी गर्न सकिएला? कसरी त्यसलाई पुनः खेती भएका हराभरा जमिनमा परिणत गर्न सकिएला?

अर्को यो ठुलो प्रश्न रहेछ । त्यसै गरीकन हाम्रो कृषि उत्पादनले बजार नपाउने, कृषि उत्पादन बजारसँग नजोडिने, अर्को समस्या छ । कसरी हामीले बजारको व्यवस्थापन गर्न सक्छौं? उत्पादन भएको हाम्रो कृषि उपजलाई बजारमा कसरी पुऱ्याउने? अर्को ठुलो समस्या छ । त्यसै गरीकन कृषिलाई उद्यमशीलतासँग कसरी जोड्ने? औद्योगिकीकरणसँग कसरी जोड्ने? कृषि उत्पादनमा आधारित उद्योगहरूको निर्माण कसरी गर्ने? यो अर्को ठुलो प्रश्न छ?

यान्त्रिकीकरणको प्रश्न भर्खरै केही माननीयज्यूहरूले यहाँ उठाउनुभा'को छ । अर्को प्रश्न छ । कृषिलाई कसरी आधुनिकीकरण गर्ने? कसरी यान्त्रिकीकरण गर्ने? र कसरी बजारीकरण गर्ने? यी सप्पै प्रश्नहरूले जेलिएको मन्त्रालयमा पुगिएछ । अब यसको सामना कसरी गर्ने होला? त्यतिकै अर्को पक्ष छ । ऋण अनुदानको पक्ष, सरकारले अनुदान दिइरहेको छ । तर त्यो अनुदान सक्कली किसानको हातमा पुगेको छैन नक्कली किसान बनेर मान्छेहरूले खाइरहेका छन् भन्ने प्रश्न छ । ऋणको अवस्था पनि त्यस्तै छ । त्यसै गरीकन बिमाको समस्या छ । कृषि बिमा, पशु बिमा त्यो सबै ठाउँमा समस्यै समस्या छ । ती समस्याहरूको समाधान कसरी गर्ने होला? यी प्रश्नहरूमा घोत्लिँदा मलाई चाहिँ यी विषयहरू राखेर माननीयज्यूको सुझाव लिऊँ न भन्ने लाग्यो । कार्य प्रारम्भ माननीयज्यूहरूकै सुझावबाट सुरु गर्दा अलि मलाई बल पुग्छ कि भन्ने लाग्यो । र मैले आज नै सम्माननीय अध्यक्ष महोदयसँग यो छोटो समय मागेको हुँ ।

म फेरि पनि माननीयज्यूहरूसँग के अनुरोध गर्न चाहन्छु भने मैले धेरै व्याख्या गर्नै पर्दैन यो विषषहरूमा माननीयज्यूहरू स्वयम् जानकार हुनुहुन्छ । म माननीयज्यूहरूसँग यो अपेक्षा गर्छु कि अहिले पनि कृषि मन्त्रीले गर्नुहोला भन्नुभा' छ । तपाईं हामी सबै मिलेर गर्ने हो जस्तो लाग्छ मलाई । यो हाम्रो साझा समस्या हो । र यी समस्याहरूको समाधानका निम्ति कसरी जान सकिएला? कसरी हामीले समयमा मलको आपूर्ति गर्न सकिएला? यद्यपि अहिलेको अवस्थाको कुरा गर्ने हो भने समयमा मल आपूर्ति गर्न सकौं भन्ने हिसाबले केही पहल सुरु भइसकेका छन् । र आसा गर्न सकिन्छ कि भन्ने जस्तो लागेको छ । सयममा मल यस वर्ष ल्याउन सकिन्छ कि? भन्ने जस्तो लागेको छ । तर पनि अझै पहल गर्नुपर्ने अवस्था रहेको छ । कसरी गर्न सकिएला? हाम्रो खरिद प्रक्रियाको एउटा लम्बेतान जुन प्रक्रिया छ । त्यसले असर गरिरहेको छ । अरू विभिन्न खालका समस्याहरू पनि जोडिएका छन् । तिनीहरूको समाधान चाहिँ कसरी गर्न सकिएला? त्यसै गरीकन बाँझो जमिनलाई पुनः कसरी उपयोगमा ल्याउन सकिएला? किसानले पाउनुपर्ने ऋण स्वयम् सक्कली किसानको हातमा कसरी पुऱ्याउन सकिएला? बिमाबाट किसानहरूलाई नै लाभान्वित कसरी बनाउन सकिएला? बजारको व्यवस्था कसरी बढाउन सकिएला? यी सबै सन्दर्भमा माननीयज्यूहरूबाट म चाहिँ सुझावको अपेक्षा

गर्दछु । र माननीयज्यूहरूको सुझाव यहाँहरू सबैको सुझाव लिएर नै योजना बनाउने पक्षमा रहेको छु । यहाँ भर्खरै केही माननीयज्यूले योजना बनाउनुहोस् भन्नुभा'छ । ती योजना बनाउनका निम्ति यहाँहरूको सुझाव मलाई चाहिएको छ । त्यो सुझाव माग्नका निम्ति अहिले म यो रोष्ट्रममा उभिएको हुँ । यति नै सुझावहरूको अपेक्षा गरेर म बिदा हुन चाहन्छु । धन्यवाद ।

(१४:४३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसालले दिनुभएको वक्तव्यका सम्बन्धमा माननीय सदस्यहरूले प्रश्न सोध्न चाहनुहुन्छ भने अब म समय उपलब्ध गराउँछु । प्रश्नकर्ता माननीय सदस्यहरूले विषयवस्तुमा केन्द्रित रही प्रश्न सोध्न सक्नुहुने छ । उक्त वक्तव्यका सम्बन्धमा प्रश्न सोध्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्रश्नकर्ता प्रत्येक माननीय सदस्यहरूलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय खिमलाल देवकोटा ।

(१४:४४ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम कृषि मन्त्रीज्यूलाई बधाई छ । अघिल्लो पटक मैले हाम्रो कृषि मन्त्रीज्यूलाई यही रोष्ट्रमबाट यही फोरमबाट समयमा तपाईंले किसानहरूलाई मल उपलब्ध गराउन सक्नुहुन्न भने राजीनाम गर्नुहोस् भनेको भनेको थिएँ मैले । अगि मन्त्रीज्यूले आफै भन्नुभा'को छ । त्यो स्थित आउँदैन । तर पनि मेरो प्रश्न छ । माननीय मन्त्रीज्यूलाई प्रश्न छ । मन्त्रालयको तयारी के कस्तो छ? मन्त्रीज्यूले भन्न त भनिसक्नुभो' तर पनि हामीलाई विश्वस्त हुने आधार चाहिँ के छ? सिङ्गो नेपाली जनताले यो प्रश्न गरिरा'का छन् । मैले यो प्रश्न नेपाली जनताको प्रश्न चाहिँ यहाँ माननीय मन्त्रीज्यूलाई गरेँ ।

अर्को हाम्रो जीडीपीमा कृषि क्षेत्रको योगदान भनेको एक चौथाइ छ । करिब, करिब २३/२४ प्रतिशत छ । हाम्रो कृषि चाहिँ पूरै एउटा डिपेन्डेन्सी जस्तो छ । हामी वर्षको तीन खरबभन्दा बढी आधारभूत खाद्यान्न कृषि खाद्यान्नलगायतका कुराहरूमा आयत गर्छौं । हामीले हाम्रो कृषि क्षेत्रलाई कसरी आत्मनिर्भर गराउँछ सक्छौं? हाम्रा युवाहरू ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय रामचन्द्र राई ।

(१४:४५ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- मन्त्रीज्यूले मलको व्यवस्था गर्दैछु त भन्नुभयो । त्यो प्रक्रियाका कहाँ पुगेको छ? जानकारी पाउनुपर्यो । र किसानले बेलैमा मल पाउने व्यवस्था होस् । आजका दिनमा जमिन बाँझै छ । र हामी खाद्यान्न चाहिँ अर्को मुलुकबाट ल्याएर खाइरहेका छौं । जुन दिन उसले दिंदैन हामी भोकै पर्ने स्थिति छ । यो कुराको अन्त्य गर्नको लागि कृषि मन्त्रालयले के योजना बनाइरहेको छ? जानकारी पाऊँ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे ।

(१४:४६ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- माननीय मन्त्रीज्यू, सुझावहरू माग्नुभएको छ । योजना त बनाउन आँट गर्दै हुनुहुँदो रहिछ भन्ने जानकारी नै भयो । यसमा साना साना सिँचाइको कुराहरूलाई हामीले कृषिसँग जोडेर खाल्डो खनेर निकाल्ने या कुलो सोहोरेर ल्याएर कम्तीमा जमिन चिसो बनाउने योजना बनाउन सकियो भने कृषिको हराभरा अलि अलि देखिन्छ कि भन्ने लाग्छ ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा ।

(१४:४६ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सर्वप्रथम त मन्त्रीज्यूलाई हार्दिक बधाई दिन चाहन्छु । पहिलो पटक नै राष्ट्रिय सभालाई सम्बोधन गर्ने इच्छा शक्ति प्रकट गर्नुभयो । म फेरि पनि मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । यस पटक मलको हाकार हुन्न भनेर ठ्याक्कै भन्दा हुन्छ? कि के छ?

अर्को कुरा भारतबाट विषादीयुक्त फलफूल र तरकारीहरू आयत भइरहेका छन् । त्यसलाई रोक्ने इच्छा शक्ति मन्त्रीज्यूको छ कि छैन? धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गंगा कुमारी वेलबासे ।

(१४:४७ बजे) **<u>माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, कृषि मन्त्रीलाई बधाई छ । जहाँ जमिन छ त्यहाँ पानी छैन । जहाँ फलफूल लगाउन सकिन्छ ती जग्गाहरू जनताले छोडेर हिँडिसकेका छन् । बाँझै छन् । त्यो योजना बनाउनुपर्यो जहाँ चाहिँ जग्गा छ त्यहाँ चाहिँ कुलो ल्याउनुपर्यो ।

दाङमा झिम्रुकको पानी लान सकिन्छ कि? सल्यानबाट पानी ल्याउन सकिन्छ? दाङलाई सिँचाइ गरेर एउटा उत्पादन कृषि उत्पादनको क्षेत्र बनाउनुपर्यो । चितवानमा नहरहरू सुकेका छन् । चितवनमा यहाँ धादिङबाटै चाहिँ खोलेर नारायणी यो त्रिशुली लैजानुपर्यो । यस्तै यस्तै योजनाहरूमा सबैभन्दा पहिला लाग्नुपर्यो ।

र मलको व्यवस्था अहिले पनि हुनसक्तै होला? लामा लामा लाइनका फोटाहरू चाहिँ पोहोर साल देखिएको थियो । त्यो एकदमै सचेतापूर्वक पहिले नै चाहिँ ध्यान दिनुपर्ने विषय हो । र यसमा व्यवस्था गर्नका लागि आफै पनि उहाँ लागि पर्ने मान्छे हो । सायद सम्भव होला भन्ने मलाई लाग्छ । हवस्त्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जगप्रसाद शर्मा ।

(१४:४८ बजे) **<u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- अध्यक्ष महोदय, यहाँ कृषि, दिनको सङ्केत बिहानीले दिन्छ भनेजस्तै मलाई एउटा विश्वास जागेको छ । खुसी पनि लाग्यो । सुरुमै कृषि मन्त्रीले यहाँ आएर जुन एउटा सुझाव मान्नुभो' यो गरिमामय सदनमा । यसको निम्ति उहाँलाई, उहाँप्रति आभार व्यक्त गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु ।

र मैले दुई, तीनटा कुराहरू राख्न चाहन्छु सङ्क्षिप्तमा । पहिलो कुराः किसानहरूको वर्गीकरण गरेर किसान पेन्सनको व्यवस्था गर्ने सोच्नुपर्यो एक । दोस्रोः कृषिमा समृद्धि ल्याउने । यसको मुख्य आधार, निर्णायक आधार भनेको पानी हो । त्यसकारण पानीको धनी देश पनि भनिन्छ नेपाललाई । यसको ठिक सदुपयोग गर्ने ठोस योजना बनाउनुपर्यो दुई । तेस्रो कुरा, तेस्रो कुरा चैं आयातलाई अलि निरुत्साहित गर्ने र निर्यातलाई प्रोत्साहन गर्ने ढङ्गले जस्तोः कृषि योजना बनाउनुपर्यो । र म अर्को दोहोर्याउन चाहन्छु । पूर्ववक्ता माननीयहरूले भनेजस्तै ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सुरेश कुमार आलेमगर ।

(१४:४९ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, मन्त्री हुनुभएकोमा बधाई अघि मैले दिइसकें । यो अहिले भर्खरै रोस्ट्रमबाट दिनुभएको मन्तव्यको लागि धन्यवाद दिन चाहन्छु । र म खुद्रातिर गइनँ, होलसेलमै गएँ । सबभन्दा पहिले त मलाई के लाग्छ तपाईंमा आँट, साहस चाहियो, इमान्दारी चाहियो । अर्को कर्मचारीतन्त्रमा विद्यमान रहेको जब्बर मानसिकता जो पुरानो मान्छेमा छ त्यसलाई हित गर्ने त्यस्तो आँट पनि चाहियो ।

र म के भन्छु भन्दाखेरि यहाँ योग्यता, क्षमता त चाहियो नै त्यसको साथसाथै इमान्दार पनि चाहियो । विद्युत् प्राधिकरणको म उदाहरण दिन चाहन्छु । विद्युत् प्राधिकरणको लोडसेडिङ डाक्टर मुकेस काफ्लेले पीएचडी गरेको मान्छेले पनि हटाउन नसकेको तर मास्टर्स मात्र गरेको कुलमान घिसिङले हटाएको एक मात्र कारण के हो भने इमान्दारी । योग्यता त पीएचडी होल्डर हो मुकेस काफ्ले । उहाँले हटाउनुपर्थ्यो । कुलमान घिसिङ मास्टर्स मात्रै हो । किन हटेन? हो त्यसैले इमान्दारी । यो चाहियो । यो कुरा ध्यान दिएन भने सायद मलाई लाग्छ कृषि मन्त्रालयमा तपाईंले पनि चेन्ज ल्याउन सक्नुहुन्छ होला । धन्यवाद । शुभकामना पनि दिएँ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय माया प्रसाद शर्मा ।

(१४:५० बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम कृषि मन्त्रीजीलाई बधाई दिन चाहन्छु । यो मन्त्री भएकोमा र यो एउटा नयाँ प्रणाली विकास गरेकोमा । कृषि मन्त्रालयसँग सम्बन्धित सुझावहरू माग्नुभएको छ । हामी पनि अध्ययन गर्ने छौं । र बेला मौकामा फर्मल, इनफर्मल सुझावहरू दिने छौं ।

र अहिले विशेष गरेर कृषिमा यो प्रोत्साहन भत्ताको बारेमा के छ प्रोत्सहान? कृषकहरूलाई प्रोत्साहन गरेपछि त्यतातिर आकर्षण गर्ने कुरा सिँचाइको बारेमा के सोचिएको छ? किनभने सिँचाइ भएर मात्र उत्पादन हुन सक्छ । र वर्गीकरण गर्ने एकै देशभरि एउटै प्रकारको

माटो हुँदैन । त्यसको वर्गीकरण गर्ने बारेमा मन्त्रीजीको धारणा के छ? त्यसलाई के सोचिएको छ?

र अर्कोतिर यो भण्डारणको व्यवस्थापन जरुरी छ । उत्पादन हुन्छ त्यसको बाटोघाटो र त्यसको साधन स्रोतहरूबाट । त्यसलाई भण्डारण गर्न सक्ने स्थिति हुँदैन । उत्पादन भएर त्यो खेर जान्छ । सिचायनको व्यवस्था के छ? धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल ।

(१४:५२ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती"**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत् कृषि मन्त्रीज्यूलाई मेरो प्रश्न । नीति निर्माणको लागि सहकार्य र समन्वय महत्त्वपूर्ण कुरा हो । जनसरोकारसँग जोडिएको FDA (Food And Drug Administrtaion) सम्बन्धी विधेयक लामो समयदेखि स्वास्थ्य मन्त्रालयले लिड गर्ने कि कृषि मन्त्रालयले लिड गर्ने भन्ने विवादको कारण अलपत्र परेको छ । त्यसैले म उहाँलाई यो विधेयकको सन्दर्भमा समन्वय दुइटा मन्त्रालयले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र कृषि मन्त्रालयको बिच समन्वय गरेर यो विधेयकलाई तत्काल अगाड बढाउनको लागि ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

(१४:५२ बजे) **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय कृषि मन्त्रीज्यूलाई बधाई छ । र एउटा सुझाव माग गर्नुभ'को छ । एकदम राम्रो लाग्यो । अरू मन्त्रीहरूले सुझावै सुन्न चाहनुहुन्न । हजुरले सुरुमै आएर सुझाव आह्वान गर्नुभ'को छ । राम्रो छ यो ।

अब किसानलाई मलका कुराहरू छ । उत्पादनलाई र मूल्यका कुराहरू छ । सरकारले किसानलाई नै ध्यान दिन आवश्यक छ । अनुदानको सदुपयोग गर्ने कुरा र बिचौलियालाई रोक्ने कुरा छ । यी बिचौलियाको र तस्करहरूको चैं फन्दामा पर्नुभएन भनेर समसमयिक केन्द्रित भएर जानुभयो समस्याभित्रै उत्तरहरू छ । चुनौतीभित्रै अवसरहरू पनि छ । र त्यो कुरामा यहाँहरूले ध्यान दिन आवश्यक छ ।

र अब यो अहिलेको चैं वर्तमान र विद्यमान कृषिको अवस्था के हो नेपालमा यसको चैं एउटा अध्ययन गरेर एउटा स्वेत पत्र नै जारी गरेर अगाडि बढ्न सकियो भने धेरै कुराहरू आउन सक्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कमला पन्त ।

**(१४:५३ बजे) <u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)</u>**:- .....(आवाज नसुनिएको) । धेरे बधाई छ । कार्यकालको सफलताको शुभकामना ।

अध्यक्ष महोदय, अब यो बहुसङ्ख्यक नेपालीहरू कृषिमा आश्रित छन् । र कृषिको लागि पूर्वाधारका कुराहरू के के हुन्, मन्त्रीज्यू आफैले बुझ्नुभा'को छ । जल, जङ्गल, माटो, मल, बिउ, बिजन आदि इत्यादि सबै था' छ । र म चैं कृषिमा आश्रित महिलाहरूलाई प्रोत्साहित गर्नको लागि कृषि मन्त्रीज्यूले केही सोच बनाउनुभा'को छ कि छैन? र छ भने कस्तो किसिमको कृषिमा आश्रित महिलाहरूलाई प्रोत्साहित गर्नको लागि के योजना तर्जुमा गर्नुभा'को छ? म जान्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भुवन वहादुर सुनार ।

**(१४:५४ बजे) <u>माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- अध्यक्ष महोदय, सर्वप्रथम त राष्ट्रिय सभाबाट कृषि मन्त्री पाउँदाका क्षण असाध्यै खुसीको छ र उहाँलाई बधाई पनि भन्न चाहन्छु । साथै मलको विषय जटिल छ । र अलि त्यो विषयलाई जोड्नुभ'को नि छ । र भन्न पर्दैन होला । हिजो धनश्याम भुसाल कृषि मन्त्री हुँदाखेरिमा मलको हाहाकार र त्यसको समाधान गर्न नसक्दाको अवस्था मन्त्रीज्यूलाई याद छँदै छ होला ।

त्यसका साथै चितवनको नारायणघाट बजारमा चैं कृषकहरूले तरकारी र फलफूल सडकमा फालेको पनि याद छँदै छ होला । यी रहँदा रहँदै पनि फेरि कृषि भनेसी जल र जमिनको असाध्यै महत्त्वपूर्ण हुन्छ । र गरिबसँग यी कति सम्भावना हुन्छन् । र रैथाने बिउको लागि, रैथाने उत्पादनको लागि भनेर गत गत वर्षहरूमा चैं अनुदान ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय विमला घिमिरे ।

(१४:५५ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, म माननीयज्यूलाई हार्दिक बधाई दिँदै यो कृषि उपजहरूलाई आवश्यक पर्ने कृषिसित सम्बन्धित उद्योगहरू सञ्चालनका लागि विगतमा केही समयअगाडि दिँदै आएको ब्याजमा अनुदान, ती उद्योगहरूलाई दिएको ब्याजको अनुदान हाल चैं कृषि मन्त्रालयले मापदण्ड अगाडि नबढाएको हुनाले रोकिएको छ भन्ने कुराहरू जनगुनासो छ । यसको विषयमा मन्त्रीजीको धारणा के हो? म बुझ्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय ईन्दु कडरिया ।

(१४:५६ बजे) **माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, कृषि मन्त्रीज्यूले समयमा नै हाम्रो कुरा सुनेर सदनमा किसानका समस्याप्रति सबैको ध्यानाकर्षण गराउनुभएकोमा म उहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मैले, उहाँले सुझाव ल्याउनुभएकोले समसमयिक विषयमा केही सुझावहरू मात्रै यहाँ राखेको छु । किसानलाई उत्पादनको आधारमा अनुदान दिनुपर्यो । समयमा किसानलाई पर्याप्त मात्रामा मल, बिउको व्यवस्था हुनुपर्यो । पाहाडका धेरे खेतीयोग्य जमिन बाँझो छ । र यस्ता जमिनहरूलाई सदुपयोगमा ल्याउनुपर्‍यो । र तराईमा विद्युतीय सिँचाइ हुनुपर्यो । तराईमा सिँचाइको अवस्था राम्रो छैन । त्यसकारणले तराईमा सिँचाइको व्यवस्था हुनुपर्यो र यो खुल्ला सीमा भएका कारण यो तराईका दक्षिणी भागमा चैं भारतबाट आउने तरकारीहरू वा फलफूलहरू पर्याप्त मात्रामा आउने र किसानले उत्पादन गरेको तरकारीले मूल्य नपाउने हुँदा यसको पनि व्यवस्था हुनुपर्यो भन्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सिंग वहादुर विश्वकर्मा ।

(१४:५७ बजे) **माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त म कृषि मन्त्रीज्यूलाई बधाई र उहाँको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । धेरै माननीयज्यूहरूले राखिसक्नुभा' छ । यो जतिखेर पनि मलको समस्या आइराखेको हुन्छ । तर समस्या चैं कहाँ रोकिद र' छ

भने आर्थिककै सवालमा रहदो र' छ । त्यसैले गर्दाखेरि सुझाव पनि माग्नुभा' छ । हामीहरूले पनि अब यो सुझावलाई अब पहिला प्रथम चैं के गर्नुपर्छ भने अर्थ मन्त्रालयबाट बजेट नै हामीले अलिकति छुट्याएर चैं मललाई हामीले दिन सकेनौं तबसम्म यी मलको आपूर्ति हुन सक्दैन । त्यसैले गर्दा अर्थ मनत्रालयमा चैं छिटोभन्दा छिटो आवश्यक बजेट माग गर्नको लागि म कृषि मन्त्रीज्यूलाई हार्दिक आग्रह गर्न चाहन्छु । धन्यवाद ।

(१४:५७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाललाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउँछु ।

(१४:५८ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त म प्रश्न र सुझाव दिनुहुने माननीयज्यूहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । र मैले चाहेको सुझाव अझ धेरै अझ प्रष्ट रूपमा लिखित रूपमा पनि हो । हामी अहिले आगामी वर्षको नीति तथा कार्यक्रम तयार गर्ने प्रक्रियामा छौं । र बजेट निर्माण गर्ने प्रक्रियामा छौं । त्यो प्रक्रियामा जाने क्रममा माननीयज्यूहरूबाट सुझाव लिएर जाँदाखेरि अझै बढी लाभदायक होला भन्ने हिसाबले मैले सुझावका निम्ति अनुरोध गरेको हुँ ।

अहिले माननीयज्यूहरूले धेरै सुझाव नै दिनुभएको छ । त्यसका निम्ति म धन्यवाद फेरि दोहोराएर दिन चाहन्छु । केही प्रश्नहरू पनि छन् । कतिपय प्रश्न सुझावकै प्रकृतिका छन् । त्यसमा धेरै बोल्नुपर्छ जस्तो लाग्दैनँ मलाई । जुन ढङ्गले माननीयज्यूहरूले प्रश्न गर्नुभ'को छ । सबै विषयमा ध्यान दिएर अगाडि बढ्ने छु भन्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । सबैभन्दा चुरो कुरा मल कहाँ छ भन्ने नै छ । यो वर्ष हामीले कति चाहिएला भन्ने अनुमान गरेको मलको करिब करिब ७५ प्रतिशतभन्दा बढी हिस्साको चाहिँ टेन्डर भैसकेको छ । सम्झौताहरू भैसकेको छ । र केही भाग चाहिँ आउने क्रममा छ । र केही चाहिँ छिटै आउन सक्ला भन्ने आशा गरिएको छ । खास गरीकन यो हाम्रो मात्रै हात छैन । त्यसकारणले सक्ला भन्ने शब्द प्रयोग गरेको हुँ । हामीले विदेशबाट ल्याउछौं र विदेशको यातायात व्यवस्थाले कस्तो काम गर्छ र त्यहाँको व्यवस्थापन हाम्रा निम्ति कति सहयोगी हुन्छ भन्ने कुरामा पनि निर्भर गर्छ । त्यसले गर्दाखेरि ठ्याक्कै हुन्छ नै भनेर भन्न नसकिने तर होला कि भनेर आशा गर्न सकिने अवस्थामा रहेको छ ।

अरू अनुदानको विषय, ऋणको विषय, बिमाको विषय, सबै कुरा मैलेअघि माननीयज्यूहरूका सदनसमक्ष प्रस्तुत गर्या छु । सङ्क्षिप्तमा यी यी समस्या छन् । यी समस्यामा माननीयज्यूहरूको सुझाव चाहियो भन्या छु मैले । माननीयज्यूहरूले यहाँ साना सिँचाइको कुरा गर्नुभा' छ । अरू धेरै कुरा गर्नुभा' छ । सिँचाइको समस्या समाधान गर्नका निम्ति ठोस् रूपमा हामीले के के गर्न सकौँला । यो वर्ष के भनेर हामी चाहिँ अगाडि बढ्न सकौँला त्यसै गरीकन मलको पनि यो मल आउन ढिलो हुन्छ भन्ने कुरा सबैलाई थाहा छ । त्यो ढिलो हुने प्रक्रियालाई हामीले कसरी छिटो बनाउन सकौला । यसमा चाहिँ छलफल गरौं भन्ने हो मेरो चाहाना । यसमा चाहिँ हाम्रो सबैको बल बुद्धि लगाएर यो प्रक्रियालाई छिटो बनाएर ल्याऔं र विगतमा जस्तो समस्या हुने गरेको छ । त्यस्तो नहोस् भन्नेतर्फ जाँऊ भन्ने मेरो कुरा हो ।

किसानलाई अनुदान दिने अथवा यो कृषिमा आधारित महिलाहरूलाई प्रोत्साहान गर्ने या अरू किसानहरूलाई प्रोत्साहान गर्ने सबै हाम्रा कतिपय नीतिहरू छन् । तर ती नीतिहरू कति प्रभावकारी भए? ती नीतिहरूलाई नै हामीले निरन्तर दोहोराइरहन्छौं । या तिनीलाई परिमार्जन गर्छौं । यी सबै विषयमा मैलेअघि दुइटा शब्द प्रयोग गरेको थिएँ । किसानलाई दिन ऋण र कृषि कर्मका निम्ति सरकारले दिने अनुदानको पनि सदुपयोग भएको छैन भन्ने विषय गम्भीर रूपमा उठेको छ । यी विषयहरूलाई कसरी लिएर जान सकिएला भन्नेबारेमा म फेरि पनि अनुरोध गर्न चाहन्छु । माननीयज्यूहरूलाई लिखित रूपमा सुझाव पाऊँ र माननीयज्यूहरूले व्यक्तिगत रूपमा पनि भेटेर पनि के गरेर जाँदाखेरि अझ राम्रो हुन्छ यति मात्र हैन यति सङ्क्षिप्त रूपमा मात्रै हैन । विस्तृत रूपमा कसरी जान सकिन्छ भन्ने कुरा म जाऊँ भने मेरो अनुरोध हो । यही अनुरोध दोहोऱ्याउन चाहन्छु र माननीयज्यूहरूका सबै विषयहरूलाई मैले यसरी नै सम्बोधन गर्न चाहेँ । हस् धन्यवाद ।

(१५:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय डाक्टर बेदुराम भुसाललाई "महान्यायाधीवक्ताको वार्षिक प्रतिवेदन २०७८/०७९ र लोक सेवा आयोगको त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन २०७८/०७९" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१५:०२ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन

२०७८/०७९ र लोक सेवा आयोगको त्रिसट्ठिऔँ वार्षिक प्रतिवेदन २०७८/०७९" सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१५:०३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सञ्चार तथा सूचना मन्त्री रेखाको तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय डाक्टर बेदुराम भुसाललाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

(१५:०३ बजे) **<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल</u>**: सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१५:०३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-" हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "विधायन व्यवस्थापन समिति प्रतिवेदनसहित सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा अनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँदछु । उक्त छलफलमा बोल्न चाहानुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध

गराइदिनहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय खिमलाल देवकोटा ।

(१५:०५ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- यो सार्वजनिक सेवा प्रसारण विधेयकमा विशेष गरी हामी अगिल्लोपटक यो यहीँ संसदमा घनिभूत छलफल पनि गरेका थियौँ । समितिमा दफावार छलफल पनि गयौँ । तर मैले के पाएँ भने मन्त्रालय सरकार चाहिँ टसको मस भएन हामी खोजेका के थियो भने यो विधेयक जसरी आ'को छ । दुइटा रेडियो नेपाल र नेपाल टेलिभिजनको जुन अलग अलग स्वायत्त संस्थाको रूपमा थिए । अगल अगल कानुन थियो दुइटैलाई एउटै खालको कानुन बनाएर आ'को छ । तर यो नयाँ बोतलमा पुरानो रक्सी खालको भयो यो यसले चाहिँ संविधानले जुन अपेक्षा गरेको, यसले स्वायत्त स्वतन्त्र निष्पक्ष तरिकाले यसले प्रसारण पनि गर्न सक्दैन ।

विशेष गरी यो कस्तो भइदियो भने सरकारकै कन्ट्रोलमा हुने मन्त्रीकै कन्ट्रोलमा हुने यहाँसम्म कि मन्त्रीले नीतिगत निर्देशन दिने खालको हैन सुरुमा विधेयकको मस्यौदामा पनि त्यही आयो । हामीले समितिमा पनि दफावार छलफल गयौँ तर मन्त्रालय पनि मान्दैन मन्त्री पनि नमान्ने स्थिति भइसकेपछि मलाई के लाग्छ भने यो सिङ्गो, म आफैले पनि समितिमा छलफल गरिसकेपछि त्यसपछि यो विधेयकमा छलफल गर्नु कुनै औचित्यै छैन । र पटक पटक हामीले भन्ने गरेका छौँ ।

कहिलेकहीँ हामी बीबीसीको नाम पनि लिन्छौँ । बीबीसी जस्तो समाचार जस्तो हामी बनाउन परो । त्यहाँको त्यो संसदको मातहतमा छ । स्वतन्त्र छ निष्पक्ष छ हइ त्यसले गर्दाखेरि हामी हिजोको एकदम कठिन शासनकालमा पनि चाहे त्यो ३० वर्षे पञ्चायत काल होस् । चाहे राजा ज्ञानेन्द्रले लिएको शासन व्यवस्थाको बेला पनि हामी हाम्रो भरोसा भनेको त्यो बीबीसी नै थियो नेपालमा पनि । तर हामीले अलिकति संसदको मातहतमा ल्यायौँ । राष्ट्रिय सभाको अध्यक्ष अथवा प्रतिनिधि सभाको अध्यक्षको यो एउटा मातहतमा आइसकेपछि सिङ्गो आइसकेपछि त्यो निष्पक्ष हुन्छ स्वतन्त्र हुन्छ ।

मलाई के लाग्छ भने अब त्यो नीतिगत निर्देशन पनि मन्त्रीले दिने मन्त्रीले मन्त्रालयले नियुक्ति गरेको कर्मचारी प्रशासन उसैले हेर्ने अनि त्यसपछि त्यसको बजेट पनि सरकारले उपलब्ध गराउने कर्मचारी पनि सरकारले उपलब्ध गराउने । त्यति भइसकेपछि त्यो संस्था

कसरी निष्पक्ष हुनसक्छ? स्वतन्त्र हुन सक्छ? सम्माननीय अध्यक्ष महोदय, यो हो त्यसकारण यहाँ मन्त्रीज्यू भ'को भए । अब यहाँ कस्तो भइदियो भने यहाँ अब हुनत अब यो मन्त्रीज्यू नै सम्बन्धित मन्त्रालयको मन्त्रीज्यूले नै जवाफ दिनुपर्ने हो । मैले यो सदनमा केही केही समयअगाडि एउटा बीबीसीको एउटा समाचार हइ त्यो समाचार अहिले पनि छ । बीबीसी जस्तो समाचारले पनि यो जस्तो क्रिस्चिनियटी नेपालमा यस्तो बढिरहेको छ भनेर त्यो बीबीसीले नेपालमा तिमीहरूको चाहिँ खतराको घन्टी बजेको छ हइ क्रिस्चिनियटी राइजिङ फास्टली हइ एकदम ग्रोइङ फास्टली भनेर त्यो समाचार प्रसारण गरेको छ नेपालको सम्म आएर उनले एकदम अनुसन्धान गरेका छन् । त्यसकारण उनले अहिले भारतमा पनि हेर्नुस् त बीबीसीलाई एक खालको आक्रमण पनि भैराखेको छ । तर ऊ हरेक देशमा हरेक नागरिकको ढुक्ढुकी भा'को छ । त्यसकारण हामीले यसरी यो निष्पक्ष हुन सक्दैन । स्वतन्त्र हुन सक्दैन । त्यसकारणले मेरो अनुरोध छ । सरकारले यो विधेयक फेरि लेओस् । यसरी जस्ताको तस्तै हुबहु रूपमा पास गर्न हुँदैन । यसले स्वायत्त, स्वतन्त्र, निष्पक्ष दिन सक्दैन । हस् त, धन्यवाद ।

(१५:०८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ माथि छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय सञ्चार तथा सूचना मन्त्री रेखा शर्माको तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाललाई छलफलमा उठेका प्रश्नको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:०८ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**:- सम्माननीय अध्यक्ष महोदय, प्रस्तुत विधेयकमाथिको छलफलमा भाग लिने माननीय सदस्यले यसमा छलफल गर्नुको औचित्य नै छैन भन्नुभा' छ । हामीले यसमा विचार गरियोस् भन्ने सन्दर्भमा छलफल गरेर विधायन व्यवस्थापन समितिमा लगेर छलफल गरेर, पारित गरेर, यहाँ प्रतिवेदनसहित गरेका छौं भन्ने सम्झना माननीय सदस्यज्यूहरूलाई छ नै । त्यसकारणले मैले यसमा धेरै चर्चा गर्न पर्छ जस्तो मलाई लाग्दैन । तथापि पनि यो विधेयक हामीले अहिले राष्ट्रिय सभाबाट अगाडि बढाउँदै छौं । यसपछि प्रतिनिधि सभामा जाने छ । र यसमा अझै केही मिलाउनुपर्ने पक्षहरू छन् भने । त्यहाँ छलफल गरेर पनि परिमार्जन गर्न सकिन्छ । मिलाउन

सकिन्छ भन्ने मलाई लाग्छ त्यसै हिसाबले नै अगाडि बढ्न उपयुक्त होला । यही अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

(१५:०९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७" का सन्दर्भमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २७ सम्म उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २७ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २७ सम्म उल्लेखित संशोधनहरू सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २७ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले "सार्वनजिक सेवा प्रसारण विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "विधेयकको दफा २ देखि ३० सम्मका दफाहरू सार्वनजिक सेवा प्रसारण विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ३० सम्मका दफाहरू सर्वसम्मतिले सार्वनजिक सेवा प्रसारण विधेयक, २०७७ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

<u>**प्रस्तावना**</u>ः तटस्थ, निष्पक्ष, तथ्यपरक र वस्तुनिष्ठा सूचना समाचार र मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण गरी संविधानद्वारा प्रदत्त मौलिक हकको प्रत्याभूति गर्दै समावेशी लोकतन्त्रको सुदृढीकरण गर्न सामाजिक तथा संस्कृतिक जागरण ल्याउनका लागि प्रतिस्पर्धी र जनउत्तरदायी सार्वनजिक सेवा प्रसारण संस्थाको स्थापना र सञ्चालन गर्न सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>**सङ्क्षिप्त नाम र प्रारम्भ**</u>ः- (१) यो ऐनको नाम "सार्वजनिक प्रसारण ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "सार्वनजिक सेवा प्रसारण विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाललाई "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१५:१३ बजे)** **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**ः सम्मानतीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "सार्वनजिक सेवा प्रसारण विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१५:१३ बजे)** **सम्मानतीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "सार्वनजिक सेवा प्रसारण विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**(१५:१४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, अब म माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाललाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**(१५:१५ बजे) <u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल</u>:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१५:१५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, अब म, उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ माथि छलफल गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लिखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लिखित संशोधनहरू "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ “सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७” का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लिखित संशोधनहरू सर्वसम्मतिले "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ४५ सम्मका दफाहरू "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ४५ सम्मका दफाहरू सर्वसम्मतिले "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावनाः** सुरक्षण मुद्रण सामग्रीको देशभित्र नै सुरक्षित, भरपर्दो र गुणस्तरीय मुद्रणको लागि सुरक्षण मुद्रण केन्द्रको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको तर्फबाट माननीय कृषि तथा पशुपन्छी मन्त्री डाक्टर भेदुराम भुसाललाई "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१५:२० बजे)** **<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल</u>:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१५:२० बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल चैत २७ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल चैत २७ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १५:२१ बजे ।**